# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
## (कोशी प्रदेश)

## अर्ध-वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०७९/८०)




नेपाल राष्ट्र बैंक
विराटनगर कार्यालय
(२०८० असार)

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन २०७३) को अधिनमा रही नेपाल राष्ट्र बैङ्कले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जाको विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्कको संकलन, प्रशोधन तथा विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदन नियमित रुपमा प्रकाशन गर्दै आएको छ ।

यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)"** मा आधारित भई तयार पारिएको छ । कोशी प्रदेशको आर्थिक गतिविधि अध्ययनको लागि यस प्रदेश अन्तर्गतका सबै १४ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुर) मा भएका कृषि बाली तथा पशुपन्छीको उत्पादन, मत्स्यपालन, सिँचाइ, वन, औद्योगिक उत्पादन तथा उत्पादकत्व, बैंक तथा वित्तीय सेवा र वित्तीय सञ्जालको अवस्था, पूर्वाधारको विद्यमान अवस्था, ती क्षेत्रहरुमा रहेका चुनौती तथा सम्भावनालाई समेटी यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदन तयारीका क्रममा कोशी प्रदेश अन्तर्गतका १४ वटा जिल्लाहरुमध्ये ११ जिल्लाबाट स्थलगत तथा बाँकी ३ जिल्लाबाट गैह्रस्थलगत रुपमा तथ्याङ्क संकलन गरिएको छ भने आर्थिक गतिविधिको विश्लेषण गर्नका लागि द्वितीय तथ्याङ्कहरु प्रयोग गरी विभिन्न क्षेत्रहरुका चरहरुको प्रवृत्ति विश्लेषण गरिएको छ । विशेष गरी विभिन्न सरकारी कार्यालय, बैंक तथा वित्तीय सस्था, प्रदेशभित्र सञ्चालित औद्योगिक प्रतिष्ठान, विकास परियोजना र निजी क्षेत्रबाट तथ्याङ्क तथा सूचना संकलन गरी अर्थतन्त्रका प्रमुख क्षेत्रहरु कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकास सम्बन्धी विश्लेषण गरिएको छ । त्यसैगरी, यस प्रतिवेदनमा विषयवस्तुको सान्दर्भिकता प्रस्तुत गर्न व्यावसायिक फर्मबाट प्राथमिक तथ्याङ्क संकलन गरी Case study समेत समावेश गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा आगामी परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्कहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, निर्देशनालय एवम् सम्बन्धित परियोजना/औद्योगिक प्रतिष्ठान र सरोकारवाला निकायहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रतिवेदन तयारीका क्रममा तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदन लेखनको कार्यमा संलग्न हुनुहुने यस कार्यालयका आर्थिक अनुसन्धान इकाईका उप-निर्देशक श्री मनोज गुरुङ्ग, सहायक निर्देशकहरुः श्री मणि भण्डारी, श्री अनिल सिवाकोटी र श्री देवकान्त मण्डल, प्रधान सहायकहरुः श्री मोहनकुमार योङहाङ, श्री प्रदिप घिमिरे, श्री सरोज कटुवाल, श्री सुजन कुमार विश्वकर्मालाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**इन्द्रा चम्लागाई मैनाली**

**निर्देशक**

**नेपाल राष्ट्र बैंक, विराटनगर**

# विषय-सूची


| शीर्षक | पेज नं. |
|---|---|
| **भूमिका** | **क** |
| **विषय सूची** | **ख** |
| **तालिका सूची** | **घ** |
| **चार्टसूची** | **ङ** |
| **कार्यकारी सारांश** | **च** |
| **परिच्छेद १ : अध्ययन परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क | १ |
| १.३ अध्ययनको सीमा | २ |
| १.४ अध्ययनको ढाँचा | २ |
| **परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** | **३** |
| २.१ राष्ट्रिय स्थिति | ३ |
| २.२ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| २.३ अन्तरप्रदेश तुलना | ५ |
| २.४ प्रादेशिक क्षमता, सम्भावना र चुनौती | ७ |
| **परिच्छेद ३ : कृषि क्षेत्र** | **९** |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ९ |
| ३.२ कृषि उत्पादन | १० |
| *संक्षिप्त अध्ययन-कोशी प्रदेशको एक अत्याधुनिक कृषि उत्पादन फर्म: बञ्जरा एग्रो प्रा.लि.* | १३ |
| ३.३ पशुपन्छी र माछा उत्पादन | १७ |
| ३.४ वनजन्य उत्पादन | १७ |
| ३.५ सिँचाइ तथा मौसम | १८ |
| ३.६ क्षेत्रगत कृषि कर्जा | २० |
| ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना | २१ |
| **परिच्छेद ४: उद्योग क्षेत्र** | **२४** |
| ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन र रोजगारी | २४ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | २६ |
| ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | २७ |

**परिच्छेद ५: सेवा क्षेत्र** २९
५.१ पर्यटन २९
५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट ३०
५.३ वित्तीय सेवा ३१
५.४ यातायात ३६
५.५ सेवा क्षेत्र कर्जा ३६
५.६ सहकारी क्षेत्र ३७
५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना ३८

**परिच्छेद ६: पूर्वाधार र रोजगारी** ३९
६.१ पूर्वाधार क्षेत्र ३९
६.२ रोजगारी ४१
६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना ४२

**परिच्छेद ७: प्रादेशिक कार्यक्रम तथा योजना** ४४
७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति ४४
७.२ कोशी प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति ४४

**परिच्छेद ८: आर्थिक परिदृष्य** ४६
८.१ कृषि उत्पादन ४६
८.२ औद्योगिक उत्पादन ४७
८.३ सेवा क्षेत्र ४७
८.४ पूर्वाधार क्षेत्र ४७

# तालिकाहरुको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधार मूल्य) (प्रतिशत) | ३ |
| तालिका २.२ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रचलित मूल्य) (प्रतिशत) | ३ |
| तालिका २.३ | कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादन स्थिति | ४ |
| तालिका २.४ | राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको योगदान (प्रतिशत) | ५ |
| तालिका २.५ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व २०७९/८०) (प्रतिशत) | ५ |
| तालिका २.६ | प्रदेशगत आर्थिक वृद्धि (उपभोक्ताको मूल्यमा) (प्रतिशत) | ५ |
| तालिका ३.१ | खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा बालीहरुको अंश, योगदान र उत्पादकत्व | ११ |
| तालिका ३.२ | कोशी प्रदेशमा माछा र पशुजन्य उत्पादनको अवस्था | १७ |
| तालिका ३.३ | कोशी प्रदेशमा सिँचाइको जिल्लागत अवस्था | १९ |
| तालिका ४.१ | जिल्लागत रुपमा औद्योगिक रोजगारीको अवस्था | २६ |
| तालिका ४.२ | औद्योगिक कर्जाको क्षेत्रगत अवस्था | २७ |
| तालिका ५.१ | कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था | ३० |
| तालिका ५.२ | कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | ३१ |
| तालिका ५.३ | क्षेत्रगत कर्जाको अंश (प्रतिशत) | ३२ |
| तालिका ५.४ | कोशी प्रदेशमा निक्षेप र कर्जाको जिल्लागत हिस्सा | ३२ |
| तालिका ५.५ | कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना | ३३ |
| तालिका ५.६ | कुल कर्जाको तुलनामा हिस्सा (प्रतिशत) | ३३ |
| तालिका ५.७ | कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण | ३३ |
| तालिका ५.८ | कोशी प्रदेशमा निक्षेपकर्ता, ऋणी, बैंक शाखा र ए.टि.एम.संख्याको जिल्लागत विवरण | ३४ |
| तालिका ५.९ | नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको जिल्लागत विवरण | ३५ |
| तालिका ५.१० | नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा खरिद गरेको परिवर्त्य विदेशी मुद्राको विवरण (रु.करोडमा) | ३६ |
| तालिका ५.११ | नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा प्रवाह गरेको सेवा क्षेत्र कर्जाको विवरण | ३७ |
| तालिका ६.१ | वैदेशिक रोजगारीको लागि श्रम स्वीकृतिको जिल्लागत विवरण | ४२ |
| तालिका ७.१ | कोशी प्रदेश सरकारको वित्तीय प्रगति विवरण | ४४ |
| तालिका ७.२ | कोशी प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति | ४५ |

# चार्टहरुको सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट २.१ | प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा (उपभोक्ता मूल्यमा-प्रतिशत) | ४ |
| चार्ट २.२ | प्रदेशगत जनसंख्याको वितरण | ६ |
| चार्ट २.३ | कोशी प्रदेशको जिल्लागत जनसंख्या तथा वृद्धिदरको अवस्था | ७ |
| चार्ट ३.१ | प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्रको अवस्था | ९ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको उत्पादन अवस्था | ११ |
| चार्ट ३.३ | कोशी प्रदेशमा काठ उत्पादनको जिल्लागत अवस्था | १८ |
| चार्ट ३.४ | कोशी प्रदेशमा सिँचाइका स्रोतहरुको अवस्था | १९ |
| चार्ट ३.५ | क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था | २० |
| चार्ट ३.६ | जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था | २१ |
| चार्ट ४.१ | उद्योगहरुको क्षमता उपयोगको अवस्था | २४ |
| चार्ट ४.२ | उद्योगको उत्पादन वृद्धिदरको अवस्था | २५ |
| चार्ट ५.१ | घरजग्गा कारोबारको अवस्था | ३० |
| चार्ट ५.२ | बैंक तथा वित्तीय संस्थाका शाखाहरुको अवस्थिति (जिल्लागत रुपमा) | ३१ |
| चार्ट ५.३ | यातायातका साधनको संख्या | ३६ |
| चार्ट ५.४ | सहकारीको पुँजी, बचत र ऋण लगानीको वृद्धिदर (प्रतिशत) | ३८ |
| चार्ट ७.१ | आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशका स्थानीय तहहरुको कुल प्राप्तीको संरचना | ४५ |

# कार्यकारी सारांश

कोशी प्रदेश अन्तर्गतका १४ जिल्लाहरुको स्थलगत तथा गैरस्थलगत भ्रमण गरी यस कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७९/८० को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनको कार्यकारी सारांश निम्नानुसार प्रस्तुत गरिएको छ।

## समष्टिगत स्थितिः

राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्ष २०७९/८० को आर्थिक वृद्धिदर आधारभूत मूल्यमा २.२ प्रतिशत र उपभोक्ताको मूल्यमा १.९ प्रतिशत रहने प्रक्षेपण गरेको छ। उक्त कार्यालयले चालु आर्थिक वर्षमा आधारभूत मूल्यमा कृषि क्षेत्रको वृद्धिदर २.७ प्रतिशत, उद्योग क्षेत्रको वृद्धिदर ०.६ प्रतिशत र सेवा क्षेत्रको वृद्धिदर २.३ प्रतिशत रहने प्रक्षेपण गरेको छ। त्यसैगरी, चालु आ.व.२०७९/८० मा कोशी प्रदेशको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा २.४ प्रतिशत र उपभोक्ताको मूल्यमा २ प्रतिशत रहने तथा आधारभूत मूल्यमा प्रदेशको कृषि क्षेत्रको वृद्धिदर २.५ प्रतिशत, उद्योग क्षेत्रको वृद्धिदर १.७ प्रतिशत र सेवा क्षेत्रको वृद्धिदर २.६ प्रतिशत रहने अनुमान कार्यालयले गरेको छ।

## कृषि

- आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ४.८ प्रतिशतले घटेको छ। समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशतले घटेको छ।
- समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन २.२ प्रतिशतले घटेको छ। धानबालीले ढाकेको क्षेत्रफलमा कमी आएतापनि धान र मकै उत्पादन क्रमशः ५.७ र २.९ प्रतिशतले बढेको छ। धान बालीको प्रवर्द्धनका लागि जोन/ब्लक कार्यक्रमहरु सञ्चालनमा रहेका, समयमा पर्याप्त वर्षा भएको, उन्नत बीउबिजनको प्रयोग र धान काट्ने समयमा मौसम अनुकुल रहेका जस्ता कारणले धान उत्पादन वृद्धि भएको देखिन्छ। गत वर्षको सोही अवधिमा धान उत्पादन २ प्रतिशतले घटेको थियो भने मकै उत्पादन २३.८ प्रतिशतले बढेको थियो। पशुदानाको लागि मकैको माग बढ्दै जाँदा बजारको सुनिश्चितताले मकै खेती गर्ने किसानको संख्यामा भएको वृद्धि, मकै जोन/ब्लक कार्यक्रमको सञ्चालन, हाइब्रिड जातको बीउबिजनको प्रयोगमा वृद्धि जस्ता कारणले मकैको उत्पादनमा वृद्धि भएको देखिन्छ।
- गत वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा तरकारी बालीको उत्पादन ६.५ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १.४ प्रतिशत घटेको थियो।
- समीक्षा अवधिमा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३७.२ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ३६.५ प्रतिशत रहेको थियो। प्रदेशमा नयाँ ठूला सिँचाइ आयोजना निर्माण नभएको र संघीय सरकारको बजेट पुराना आयोजनाको मर्मत सम्भारमा केन्द्रित हुने गरेकोले सिँचाइ सुविधामा उल्लेख्य विस्तार हुन नसकेको देखिन्छ।
- गत वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा दुध उत्पादन २.३ प्रतिशत, मासुको उत्पादन १.४ प्रतिशत र अण्डा उत्पादन २.६ प्रतिशतका दरले वृद्धि भएको छ भने माछा उत्पादन ७.४ प्रतिशतले बढेको छ।
- गत वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा काठ उत्पादन ३३.३ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन २९.७ प्रतिशतले बढेको थियो।
- २०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा ६.२ प्रतिशतले वृद्धि भई रु.५७ अर्ब ९२ करोड पुगेको छ। प्रदेशभित्र प्रवाहित कुल कर्जामा यस्तो कर्जाको अंश १० प्रतिशत रहेको छ।

## उद्योग

- आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा यस अध्ययनमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४०.६ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ४८.९ प्रतिशत रहेको थियो । विशेष गरी ईटा, वनस्पति घिउ, भटमासको तेल, कच्चा छाला, आदि वस्तु उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा कमी आएको छ। कोइलाको आपूर्तिमा भएको ढिलाई तथा मागमा आएको कमीको कारण ईटाको उत्पादनमा कमी आएको र भारतीय बजारमा निर्यात हुने गरेको भटमासको तेलले भारतीय बजारको उत्पादनसँग मूल्यमा प्रतिस्पर्धा गर्न नसकेको कारण त्यसको उत्पादनमा समेत कमी आएको देखिन्छ ।
- गत वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा यस अध्ययनमा समेटिएका उद्योगहरुमध्ये प्रशोधित चिया उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ८५.४ प्रतिशत रहेको छ भने ईंटा र वनस्पती घिउ उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग सबैभन्दा कम क्रमशः शुन्य प्रतिशत र ५.१ प्रतिशत रहेको छ ।
- गत वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा यस अध्ययनमा समेटिएका औद्योगिक उत्पादनमध्ये चिनी उद्योगको उत्पादन सबैभन्दा उच्च दरले बढेको छ भने ईंटा उद्योगको उत्पादन शत प्रतिशत तथा भटमासको तेलको उत्पादन ८९.० प्रतिशतले घटेको छ ।
- २०७९ असार मसान्तको तुलनामा २०७९ पुस मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ५.५ प्रतिशतले बढेर रु.१ खर्ब २७ अर्ब रहेको छ। २०७९ पुस मसान्तसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २३ प्रतिशत रहेको छ ।

## सेवा

- आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा वाह्य पर्यटक आगमनको संख्या २३.९ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा समेत वाह्य पर्यटक आगमनको संख्या उच्च दरले बढेको थियो ।
- समीक्षा अवधीमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका थप ९ वटा शाखा विस्तार भएका छन् ।
- २०७९ असार मसान्तको तुलनामा २०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशभित्र परिचालन गरेको निक्षेप ०.७ प्रतिशतले ह्रास भई रु.३ खर्ब ६४ अर्ब पुगेको छ। समीक्षा अवधिमा कर्जा प्रवाह २.० प्रतिशतले वृद्धि भई रु.५ खर्ब ५६ अर्ब पुगेको छ।
- २०७९ पुस मसान्तमा कोशी प्रदेशको कर्जा निक्षेप-अनुपात १५२.७ प्रतिशत रहेको छ ।
- २०७९ पुस मसान्तसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश सबैभन्दा बढी ६६.६ प्रतिशत रहेको छ।

## पूर्वाधार

- समीक्षा अवधिमा सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजनाको भौतिक प्रगति ९९ प्रतिशत रहेको छ।
- कोशी करिडोर अन्तर्गतको ईनरुवा–वसन्तपुर–बानेश्वर–तुम्लिङटार (२२० के.भी.) सवस्टेसन आयोजना निर्माण कार्यको भौतिक प्रगति ९५ प्रतिशत रहेको छ ।
- मदन भण्डारी राजमार्ग (उदयपुर-सिन्धुली) आयोजनाको भौतिक प्रगति ९८.७ प्रतिशत रहेको छ ।

# परिच्छेद १ : अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैङ्कले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्कको संकलन, प्रशोधन, अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन प्रकाशित गर्दै आएको छ । यस क्रममा मुलुकको शासकीय स्वरुप संघीय संरचनामा परिवर्तन भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी बनाई तथ्यमा आधारित नीति निर्माण गर्ने उद्देश्यले प्रदेशस्थित कार्यालयहरु मार्फत प्रदेशस्तरमा कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश र स्थानीय सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क संकलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशित गर्दै आएको छ । विगतमा यस कार्यालयले ९ वटा जिल्लाहरु समेटेर आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरेकोमा मुलुक संघीय संरचनामा गईसकेपछि कोशी प्रदेशका सबै १४ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु ओखलढुङ्गा, खोटाङ र उदयपुर) समेटेर आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नेगरिएको छ । आर्थिक वर्ष २०७९/८० को प्रस्तुत प्रथम अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)" मा आधारित भएर तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

यस कार्यालयले कोशी प्रदेशमा रहेका १४ जिल्लाहरुको आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिना (साउनदेखि पुससम्म) को समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हाँसिल भएको प्रगतिका आधारमा यो अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना, समस्या एवम् चुनौतीहरु समेत समावेश गरिएको छ । यसका अतिरिक्त समीक्षा अवधिको आर्थिक स्थिति तथा चालु आर्थिक वर्षको बाँकी अवधिमा प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको सम्भावित परिदृश्य समेत समावेश गरिएको छ ।

*नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)* अनुसार यस प्रदेशमा रहेका १४ जिल्लाहरुमध्ये ११ जिल्लाहरुमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरुमा गरिएको स्थलगत सर्वेक्षण एवम् विद्युतीय माध्यमबाट प्राप्त तथ्याङ्क र सूचना तथा अन्य ३ जिल्लाहरुबाट विद्युतीय माध्यमबाट प्राप्त तथ्याङ्क र सूचनाका आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

यस प्रतिवेदनमा उल्लेख गरिएका अधिकांश तथ्याङ्क तथा सूचनाहरु प्रदेशमा रहेका खासगरी कृषिसम्बन्धी तथ्याङ्क कृषि तथा पशुपन्छी विकास मन्त्रालय एवम् सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, डिभिजन वन कार्यालयबाट संकलन गरिएको छ । यी निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपंछी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका ४२ उद्योगहरुको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ। बैंकिङक्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकको

Supervisory Information System (SIS) मा पठाएको विवरणका आधारमा तयार गरिएको छ । साथै, मालपोत कार्यालयबाट घरजग्गा रजिष्ट्रेसनसंख्या र सो वापतको राजस्वरकम भूमि व्यवस्थापन तथा अभिलेख विभाग मार्फत् प्राप्त गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १० होटलहरुको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्सा पाससम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क यस प्रदेशका राष्ट्रिय गौरव र प्रदेश गौरवका आयोजनाहरुबाट लिइएको छ । यातायात सेवातर्फ, सवारी संख्यासम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयहरुबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका नमूना छनौट परेका १० वटा बचत तथा ऋण सहकारी संस्थाहरुबाट तथ्याङ्क संकलन गरिएको छ ।

उल्लिखित सरकारी कार्यालय, स्थानीय तह र अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ भने संक्षिप्त अध्ययनका लागि सम्बन्धित फर्म/कम्पनीबाट स्थलगत भ्रमण गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेवसाइट तथा टेलिफोन लगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ । प्रतिवेदनमा व्याख्यात्मक विधि (Descriptive Method) को प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ । विशेष गरी समीक्षा अवधिभरिमा भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमाहरु देहाय बमोजिम रहेका छन् ।

- वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि कोशी प्रदेश अर्न्तगतका १४ जिल्ला मध्ये ११ जिल्लाको मात्र स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गरिएको ।
- केही सरकारी निकायमा कृषि, उद्योग, पर्यटन, पूर्वाधार लगायतका क्षेत्रसँग सम्बन्धित प्रारम्भिक तथ्याङ्क समय सापेक्ष अद्यावधिक नभएता पनि गत वर्षको तथ्याङ्क प्रयोग गरी प्रवृत्ति विश्लेषण गरिएको ।
- आर्थिक गतिविधि अध्ययन प्रतिवेदनले जिल्लागत रुपमा मात्र तथ्याङ्क संकलन गरेको । कोशी प्रदेशका ४९ स्थानीय तह (नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) बाट घरनक्सा पास तथा बजेट विनियोजनका आधारमा ५ ठुला स्थानीय तहको वित्तस्थिति बाहेक अन्य स्थानीय तहको तथ्याङ्क संकलन गर्न नसकिएको ।
- नमूना छनोटमा समावेश गरिएका उद्योग तथा प्रतिष्ठानहरुको सूची अद्यावधिक नभएको तथा यस प्रदेशमा थप भएका महत्वपूर्ण उद्योगको उत्पादनको परिमाण तथा क्षमता उपयोगको तथ्याङ्क प्राप्त गरी विश्लेषण गर्न नसकिएको ।

## १.४ अध्ययनको ढाँचा

यो अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) मा आधारित भएर तयार पारिएको छ । अध्ययनलाई ७ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलानात्मक स्थिति, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीसँग सम्बन्धित तथ्याङ्क प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ७ मा आर्थिक परिदृश्यसम्बन्धी जानकारी प्रस्तुत गरिएको छ ।

# परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

## २.१ राष्ट्रिय स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०७९/८० को नौ महिनासम्मको तथ्याङ्कको आधारमा केन्द्रीय लेखासम्बन्धी तथ्याङ्क प्रकाशित गरेको थियो । समीक्षा अवधिको अन्त्यसम्ममा नेपालमा कोभिड-१९ को प्रभावको अवस्था नभएतापनि विश्वका अन्य देशहरुमा भएका घटनाले विश्वव्यापीरुपमा आपूर्ती श्रृंखला खलबलिएको तथा पेट्रोलियम पद्धार्थ लगायतका वस्तुमा भएको मुल्य वृद्धिको असर हाम्रो अर्थतन्त्रमा पनि परेको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको आर्थिक वर्ष २०७९/८० को प्रारम्भिक अनुमान र आर्थिक वर्ष २०७८/७९ को संशोधित अनुमान अनुसार आर्थिक वर्ष २०७९/८० को आर्थिक वृद्धिदर आधारभूत मूल्यमा २.२ प्रतिशत र उपभोक्ताको मूल्यमा १.९ प्रतिशत हुने अनुमान रहेको छ । गत वर्षको यस्तो वृद्धिदर (आधारभूत मूल्यमा) ५.३ प्रतिशत र उपभोक्ताको मूल्यमा ५.६ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ । त्यसैगरी, कार्यालयले आर्थिक वर्ष २०७९/८० मा आधार मूल्यमा कृषि, वन तथा मत्स्य क्षेत्रको २.७ प्रतिशत र खानी तथा उत्खनन क्षेत्रको १.१ प्रतिशत वृद्धिदर रहने अनुमान गरेको छ भने उत्पादनमूलक क्षेत्रको २ प्रतिशत, निर्माण क्षेत्रको २.६ प्रतिशत र थोक तथा खुद्रा व्यापार गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको ३ प्रतिशतले ऋणात्मक रहने अनुमान गरेको छ ।

**तालिका २.१ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)**

| क्षेत्र | २०७८/७९$^{R}$ | २०७९/८०$^{P}$ |
|---|---|---|
| कृषि क्षेत्र | २.२ | २.७ |
| उद्योग क्षेत्र | १०.८ | ०.६ |
| सेवा क्षेत्र | ५.३ | २.३ |
| **आर्थिक वृद्धिदर** | **५.३** | **२.२** |

**तालिका २.२ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रचलित मूल्यमा, प्रतिशत)**

| | | |
|---|---|---|
| कृषि क्षेत्र | २४.७ | २४.१ |
| उद्योग क्षेत्र | १४.१ | १३.५ |
| सेवा क्षेत्र | ६१.२ | ६२.४ |

स: संशोधित अनुमान; प्रा : प्रारम्भिक अनुमान,

आर्थिक वर्ष २०७९/८० मा देशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्य क्षेत्रको २४.१ प्रतिशत, खानी तथा उत्खनन क्षेत्रको ०.५ प्रतिशत, उद्योग क्षेत्रको ५.३ प्रतिशत, निर्माण क्षेत्रको ५.५ प्रतिशत र थोक तथा खुद्रा व्यापार गाडी तथा मोटरसाइकल मर्मत सेवाको १५.४ प्रतिशत योगदान रहने विभागको अनुमान रहेको छ ।

कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत र गैर-कृषिक्षेत्रको योगदान ७५.९ प्रतिशत रहने अनुमान छ । त्यसैगरी, चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवाको १५.४ प्रतिशत, घरजग्गा कारोबार क्षेत्रको ८.४ प्रतिशत, शिक्षा क्षेत्रको ८.२ प्रतिशत, सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रको ८.१ प्रतिशत, वित्तीय तथा बीमा क्षेत्रको ७.४ प्रतिशत, यातायात तथा भण्डारण सेवाको ६.८ प्रतिशत र निर्माण क्षेत्रको ५.५ प्रतिशत योगदान रहने अनुमान छ । राष्ट्रिय तहमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान सबैभन्दा बढी रहने अनुमान छ भने थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा, घरजग्गा कारोवार र शिक्षा क्षेत्र क्रमश दोस्रो, तेस्रो र चौथो स्थानमा रहने अनुमान गरिएको छ ।

## २.२ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

### प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय तहको उपभोक्ता मूल्यमा ५.५ प्रतिशत रहने र आर्थिक वर्ष २०७९/८० मा उक्त वृद्धिदर २ प्रतिशत रहने अनुमान छ । उक्त कार्यालयले आ.व.२०७९/८० मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.८ खर्ब ४९ अर्ब हुने अनुमान गरेको छ


जुन राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको १५.८ प्रतिशत हो । अघिल्लो आर्थिकवर्षको प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) रु.७ खर्व ८० अर्व रहने संशोधित अनुमान रहेको छ । समीक्षा अवधिमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सवैभन्दा बढी योगदान कृषि, वन तथा मत्स्यपालन क्षेत्रको ३३.२ प्रतिशत रहने अनुमान छ भने सवैभन्दा कम प्रशासनिक सहयोगी सेवा क्षेत्रको ०.३ प्रतिशत योगदान रहने अनुमान छ ।

तालिका २.३ : कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको स्थिति

| विवरण | २०७७/७८ | २०७८/७९R | २०७९/८०P |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य रु.अर्बमा)** | ६९३.१ | ७८०.९ | ८४९.६ |
| प्रादेशिक आर्थिक वृद्धिदर (आधार मूल्यमा) | ४.७ | ५.१ | २.४ |
| कृषि क्षेत्रको योगदान (प्रतिशत) | ३५.२ | ३३.९ | ३३.२ |
| उद्योग क्षेत्रको योगदान (प्रतिशत) | १७.० | १७.५ | १६.९ |
| सेवा क्षेत्रको योगदान (प्रतिशत) | ४७.८ | ४८.६ | ५०.० |

R: संशोधित अनुमान, P: प्रारम्भिक अनुमान

**चार्ट २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा (उपभोक्ता मूल्यमा-प्रतिशत)**




स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

## राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रक्षेपण अनुसार चालु आर्थिक वर्ष २०७९/८० को मुलुकको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.५३ खर्व ८१ अर्व हुने अनुमान छ । जसमध्ये बागमती प्रदेशको सवैभन्दा बढी ३६.८ प्रतिशत योगदान रहँदा कोशी प्रदेशको योगदान १५.८ प्रतिशत रहने अनुमान कार्यालयले गरेको छ । चालु आ.ब.मा देशको कृषि क्षेत्र, औद्योगिक क्षेत्र र सेवा क्षेत्रको कुल उत्पादनमा यस प्रदेशको क्षेत्रगत हिस्सा क्रमशः २१.७ प्रतिशत, १९.८ प्रतिशत र १२.६ प्रतिशत रहने अनुमान गरिएको छ । गत वर्ष कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादनमा यस प्रदेशको हिस्सा क्रमशः २१.८ प्रतिशत, १९.६ प्रतिशत र १२.६ प्रतिशत रहेको थियो ।

| तालिका २.४ : राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको योगदान | | | |
|---|---|---|---|
| **विवरण** | २०७७/७८ | २०७८/७९R | २०७९/८०P |
| **कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान** | **१५.९** | **१५.८** | **१५.८** |
| कृषि क्षेत्रमा प्रदेशको योगदान (प्रतिशत) | २१.७ | २१.८ | २१.७ |
| उद्योग क्षेत्रमा प्रदेशको योगदान (प्रतिशत) | १९.७ | १९.६ | १९.८ |
| सेवा क्षेत्रमा प्रदेशको योगदान (प्रतिशत) | १२.६ | १२.६ | १२.६ |
| R: संशोधित अनुमान , P: प्रारम्भिक अनुमान | | | |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय

## २.३ अन्तरप्रदेश तुलना

### कृषि, उद्योग तथा सेवा क्षेत्रको स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार मुलुकको कृषि क्षेत्र, औद्योगिक क्षेत्र र सेवा क्षेत्रको क्षेत्रगत कुल उत्पादनमा कोशी प्रदेशको योगदान क्रमशः २१.७ प्रतिशत, १९.८ प्रतिशत र १२.६ प्रतिशत रहने अनुमान गरिएको छ ।

**तालिका २.५ : राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान** (आ.व.२०७९/८०)

| क्षेत्र | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम |
|---|---|---|---|---|---|---|---|
| कृषि क्षेत्रमा योगदान (प्रतिशत) | २१.७ | १९.१ | १७.१ | ९.६ | १७.५ | ५.३ | ९.७ |
| उद्योग क्षेत्रमा योगदान (प्रतिशत) | १९.८ | ११.२ | ३१.३ | १२.१ | १५.५ | ३.१ | ७.० |
| सेवा क्षेत्रमा योगदान (प्रतिशत) | १२.६ | ११.२ | ४५.७ | ८.१ | १२.६ | ३.९ | ५.९ |
| **कुल गार्हस्थ्य उत्पादनमा योगदान** | **१५.८** | **१३.१** | **३६.९** | **९.०** | **१४.२** | **४.१** | **७.०** |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

मुलुकको कुल कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको कृषि क्षेत्रको योगदान अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी रहने अनुमान गरिएको छ । तुलनात्मक रुपमा अन्य प्रदेशको भूमिको उर्वरा क्षमताका साथै कृषियोग्य भूमिको क्षेत्रफल बढी भएर पनि अन्य प्रदेशको भन्दा कोशी प्रदेशको कृषिक्षेत्रको योगदान बढी भएको देखिन्छ । खानी तथा उत्खनन, वस्तु उत्पादन (Manufacturing), निर्माण, थोक तथा खुद्रा सेवा, यातायात तथा भन्डारण, सार्वजनिक प्रशासन, वित्तीय तथा बीमा सेवा, आवास तथा भोजन सेवा, घरजग्गा कारोबार, सूचना तथा सञ्चार लगायत औद्योगिक वर्गीकरणका अन्य क्षेत्रहरुको कुल मूल्य अभिवृद्धि (GVA) मा बागमती प्रदेशको योगदान सबैभन्दा बढी रहेको छ । तीव्र शहरीकरण, बढ्दो जनसंख्या, ठुला र अधिक व्यापारिक कारोबार हुने देशका प्रमुख प्रशासनिक केन्द्रहरु रहेको आदि कारणले गर्दा कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा उल्लेखनीय रहेको छ ।

### प्रदेशगत आर्थिक वृद्धि

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा २ प्रतिशत रहने अनुमान रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ५.५ प्रतिशत रहने संशोधित अनुमान रहेको छ । चालु आ.ब.मा प्रदेशगत रुपमा उपभोक्ता मूल्यमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ३.३ प्रतिशत रहने अनुमान छ भने बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम १.४ प्रतिशत रहने अनुमान छ । अघिल्लो वर्ष गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ६.४ प्रतिशत रहेको थियो भने मधेश प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम ४.६ प्रतिशत रहेको थियो ।

**तालिका २.६ : प्रदेशगत आर्थिक वृद्धि -उपभोक्ताको मूल्यमा (%)**


| **प्रदेश** | २०७८/७९स | २०७९/८०प्रा |
|---|---|---|
| कोशी | ५.५ | २.० |
| मधेश | ४.६ | १.७ |
| बागमती | ६.३ | १.४ |
| गण्डकी | ६.४ | ३.३ |
| लुम्बिनी | ५.० | २.१ |
| कर्णाली | ५.३ | १.९ |
| सुदूरपश्चिम | ४.८ | १.८ |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

**प्रादेशिक जनसंख्याको स्थिति**

हिमाल, पहाड र तराईसम्म फैलिएको कोशी प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग कि.मि. रहेको छ। वि.सं.२०७८ सालको बाह्रौं राष्ट्रिय जनगणनाको अन्तिम प्रतिवेदन अनुसार कुल जनसंख्या ४९,६१,४१२ रहेको छ। सो प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्याको १७ प्रतिशत हिस्सा रहेको यस प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर ०.९ प्रतिशत र जनघनत्व १९२ जना प्रति वर्ग कि.मि.रहेको छ। त्यस्तै प्रति परिवार औसत सदस्य संख्या ४.१६ जना रहेको यस प्रदेशको जनसंख्यामा पुरुषको संख्या २४,१७,३२८ जना (४८.७ प्रतिशत) र महिलाको संख्या २५,४४,०८४ जना (५१.३ प्रतिशत) रहेको छ भने लैगिंक अनुपात ९५ प्रतिशत रहेको छ।


**चार्ट २.२ : प्रदेशगत जनसंख्याको वितरण**




स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई शहरी क्षेत्र तथा गाउँपालिकालाई ग्रामीण क्षेत्र मान्दा कोशी प्रदेशमा शहरी क्षेत्र तथा ग्रामीण क्षेत्रमा बसोबास गर्नेको जनसंख्या क्रमशः ६२.४ प्रतिशत र ३७.६ प्रतिशत रहेको छ। कोशी प्रदेशका १४ जिल्लाहरुमध्ये मोरङजिल्लामा सबैभन्दा बढी ११,४८,१५६ जना र तेह्रथुम जिल्लामा सबैभन्दा कम ८८,७३१ जना जनसंख्या रहेको छ। त्यसैगरी, प्रदेश अन्तर्गतका जिल्लाहरुमध्ये झापा जिल्लाको जनसंख्या सबैभन्दा धेरै २ प्रतिशतले बढेको छ भने खोटाङ जिल्लाको जनसंख्या सबैभन्दा धेरै १.६ प्रतिशतले घटेको छ। पहाडी क्षेत्रबाट विभिन्न सुविधाको खोजीमा नजिकैका तराईका जिल्लामा बसाइँसराई गर्ने क्रम बढेकोले तराईका जिल्लामा जनसंख्या बढेको छ भने पहाडी जिल्लाहरुमा बसाइँसराई, शिक्षाको स्तरमा वृद्धि भई सानो परिवारको अवधारणा विकास हुनु तथा वैदेशिक रोजगारमा जानेको संख्यामा भैरहेको वृद्धि आदि कारणले जनसंख्या वृद्धिदर ऋणात्मक भएको पूर्वानुमान गर्न सकिन्छ।

**चार्ट २.३ : कोशी प्रदेशको जिल्लागत जनसंख्या तथा वृद्धिदरको अवस्था**




स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

**जनसंख्याको अन्तरप्रदेश तुलना**

२०७८ सालको जनगणनाको अन्तिम प्रतिवेदन अनुसार प्रदेशगत रुपमा बागमती प्रदेशको जनसंख्या सबैभन्दा धेरै ६१,१६,८६६ जना र कर्णाली प्रदेशको जनसंख्या सबैभन्दा कम १६,८८,४१२ जना रहेको छ। जनसंख्याको आकारको हिसावले कोशी प्रदेश चौथो स्थानमा रहेको छ। प्रदेशगत रुपमा मधेश प्रदेशको जनघनत्व सबैभन्दा बढी प्रति वर्ग कि.मि ६३३ जना रहेको छ भने कर्णाली प्रदेशको जनघनत्व सबैभन्दा कम प्रति वर्ग कि.मि ६० जना रहेको छ। जनघनत्वको हिसावले कोशी प्रदेश चौथो स्थानमा रहेको छ।

## २.४ प्रादेशिक क्षमता, सम्भावना र चुनौती

***प्रादेशिक क्षमता तथा सम्भावना***

- मुलुकको कुल कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको योगदान सबैभन्दा धेरै रहेको अवस्थामा यस क्षेत्रमा खाद्यान्न, फलफूल (विशेषतः एभोकाडो, किवी, सुन्तला आदि), तरकारी र केही नगदे बालीहरुः जस्तै चिया, अलैंची, अम्रिसो, आदिको उत्पादन वृद्धिगर्न पूर्वाधारको विकास, लगानी विस्तार, आधुनिक प्रविधिको प्रयोग, सामुहिक खेती प्रणालीको अवलम्बन गरी कृषि क्षेत्रको व्यवसायीकरणका साथै बजारको सुनिश्चितता गर्न सकेमा कृषिजन्य उत्पादनको आयात प्रतिस्थापन तथा कृषि उपज निर्यात समेत गर्न सकिने क्षमता एवम् सम्भावना रहेको।
- कोशी प्रदेशमा वर्षैभरी जल प्रवाह हुने नदीहरु जस्तै अरुण, तमोर, मेची, कन्काई, दुधकोसी, सुनकोसी लगायतका नदीहरु रहेकाले एकातर्फ देशकै उर्वरायुक्तभूमि भएका झापा, मोरङ, सुनसरी जस्ता जिल्लाहरुमा सिँचाइ सुविधाको पर्याप्त पहुँच पुऱ्याएर कृषि उत्पादनमा आत्मनिर्भर हुन सक्ने सम्भावना रहेको छ भने अर्को तर्फ जलविद्युत, जलयातायातको सञ्चालन तथा पिउनयोग्य खानेपानीको उत्पादन गरी निर्यात गर्न सकिने।
- विश्वको सर्वोच्च शिखर सगरमाथा, हिमाली वन्यजन्तुको जीवन पद्धति झल्काउने सगरमाथा र मकालु वरुण राष्ट्रिय निकुञ्जको अवस्थिति, छोटो दुरीमै विविधता झल्कने जलवायु र पर्याप्त जैविक विविधताले मनोरञ्जन, पर्वतारोहण तथा

साहसिक क्षेत्रमा रमाउने विश्वका पर्यटकलाई आकर्षित गरी विदेशी मुद्रा आर्जनको स्रोतको रुपमा विप्रेषण पछिको दिगो वैकल्पिक स्रोतको रुपमा विकास गर्न सकिने ।

- हिन्दुहरुको धार्मिक महत्वका हिसाबले प्रसिद्ध हलेसी महादेव, धर्तीको पहिलो तीर्थ मानिने बराह क्षेत्र, पाथिभरा देवी लगायतका अनगिन्ती मठ मन्दिर, धार्मिक तथा ऐतिहासिक क्षेत्र रहेकाले पर्यटन पूर्वाधारमा लगानी गरी ठुलो संख्यामा हिन्दु तथा बौद्धमार्गीहरुको बसोवास रहेका छिमेकी तथा अन्य राष्ट्रबाट धार्मिक पर्यटकलाई भित्र्याउन सकिने ।
- यो प्रदेश भारत र चीन दुवै देशसँग सीमाना जोडिनुको साथै यहाँ रहेका कोशी तथा मेची राजमार्गले दुवै छिमेकी मुलुक सम्मको पहुँच सहज बनाएकोले तुलनात्मक लाभका उद्योग तथा कलकारखानाहरु स्थापना गर्न विदेशी लगानी आकर्षित गर्नसके उत्पादित वस्तु तथा सेवा निकासी गर्न सहज रहेको ।
- त्यसैगरी, मध्यपहाडी लोकमार्ग तथा लोकमार्गसम्म जोड्ने सहायक मार्गहरुको तीव्र निर्माण तथा विस्तारको कारण ग्रामीण क्षेत्रका उत्पादनको लागि आन्तरिक तथा बाह्य बजारको सुनिश्चिता वृद्धि हुँदै गएकोले कृषिजन्य तथा औद्योगिक उत्पादनको आन्तरिक तथा निर्यात व्यापार विस्तारको प्रचुर सम्भावना रहेको ।
- मुलुककै औद्योगिक क्षेत्रको उत्पादनमा कोशी प्रदेशको उद्योग क्षेत्रको योगदान दोस्रो स्थानमा रहेको सन्दर्भमा सुनसरी-मोरङ करिडोरमा भएका उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्न सकेमा औद्योगिक उत्पादनले निर्यात व्यापार प्रवर्द्धन तथा आयात प्रतिस्थापनमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने ।

***चुनौती***

प्रदेशले समृद्धि हाँसिल गर्नसक्ने उल्लिखित क्षमता तथा सम्भावनाको यथार्थपरक रुपान्तरणमा देहाय बमोजिमका चुनौतीहरु रहेका छन् ।


- भौगोलिक बनोटको जटिलताका कारण पर्याप्त लगानी भित्र्याई प्रदेशको सन्तुलित र समावेशी विकास गर्नु ।
- प्रदेशका १४ जिल्लाहरुमध्ये झापा, मोरङ र सुनसरीमा पर्याप्त भौतिक पूर्वाधार, सडक यातायातको सहज पहुँच र अन्य सुविधाको उपलब्धताले गर्दा बैंकिङ तथा वित्तीय क्षेत्रको करिब ८० प्रतिशत भन्दा बढी स्रोत साधनको केन्द्रीकरण भएकोमा त्यसलाई विकेन्द्रिकृत गरी वित्तीय पहुँचलाई विस्तार गरी समावेशी बनाउनु ।
- तथ्याङ्क प्रदायक निकाय, प्रतिष्ठान तथा संघ-संस्थाहरुमा सूचना तथा तथ्याङ्कको व्यवस्थित अभिलेख नहुँदा तथ्याङ्क प्राप्तीमा कठिनाइ हुनुका साथै प्राप्त भएका तथ्याङ्क, सूचना तथा विवरण पूर्णरुपमा विश्वसनीय बनाई तथ्यमा आधारित यथार्थपरक, व्यवहारिक र कार्यान्वयन योग्य नीति निर्माण गर्नु ।
- आन्तरिक लगानीका स्रोत तथा क्षमता सीमित रहेको सन्दर्भमा प्रदेशको समृद्धि र विकासको लागि विदेशी लगानी आकर्षित गर्नु ।
- विकट भौगालिक अवस्थाको बावजुद वित्तीय पहुँचको विस्तार गर्ने तथा वित्तीय सचेतनाको माध्यमबाट वित्तीय समावेशीता बढाई उपलब्ध वित्तीय उपकरणको उपयोग बढाउनु ।

# परिच्छेद ३ : कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधि (२०७९ साउनदेखि पुससम्म) मा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ४.८ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.८ प्रतिशतले घटेको थियो । युवाहरु वैदेशिक रोजगारीमा जाने क्रम बढ्दै गएको कारण खेतीपाती गर्ने कार्यमा जनशक्ति अभाव, तराईका उर्वर कृषियोग्य जमिनको खण्डीकरण गरी आवासीय प्रयोजनको लागि प्लटिङ्ग गर्ने क्रममा विस्तार, मलखाद, सिँचाइ सुविधा, उन्नत बीउबीजन आदिको अपर्याप्तता जस्ता कारणले जमिन बाँझो राख्नेक्रम बढेको पाइएको छ । समीक्षा अवधिमा धान, आलु, उखु, सनपाट, भटमास, दलहन, तेलहन, फलफूल, चिया र कफीको क्षेत्रफल घटेको तथा मकै, कोदो, जौ, फापर, तरकारी र मसला बालीको क्षेत्रफल बढेको छ । यस प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफल मध्ये खाद्य तथा नगदे बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८७.३ प्रतिशत, तरकारी बालीको ५.२ प्रतिशत, फलफूलको २.५ प्रतिशत, मसला बालीको ३.१ प्रतिशत र चिया तथा कफीको १.८ प्रतिशत रहेको छ । खाद्य, नगदे तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफलमा धान, मकै र कोदो बालीले ढाकेको क्षेत्रफलको कुल हिस्सा ८८.८ प्रतिशत रहेको छ । कुल खेती गरिएको क्षेत्रफलमा सवैभन्दा धेरै धान बालीको अंश ३६.७ प्रतिशत रहेको छ ।

**चार्ट ३.१ : प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्रको अवस्था**




स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.१.१ खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा यस प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल ५.१ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको क्षेत्रफल २.४ प्रतिशतले घटेको थियो । वैदेशिक रोजगारीमा युवाजनशक्तिको पलायन, कृषियोग्य जमिनहरुको खण्डीकरण तथा बिक्री, मलखाद, सिँचाइ, उन्नत बीउबीजन, कृषि प्राविधिक सेवा आदिको अभाव, पहाडी क्षेत्रमा बाँदर तथा असिना पानीले लगाएको बाली नाश गर्ने समस्याले गर्दा खेती नगरी जमिन बाँझो राख्ने क्रममा वृद्धि जस्ता कारणले खेती गरिएको क्षेत्रफल घटेको देखिन्छ ।

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशतले घटेको छ भने मकै बाली र कोदो बालीले ढाकेको क्षेत्रफल क्रमशः १.७ प्रतिशत र १३.९ प्रतिशतले बढेको

छ । गत वर्षको सोही अवधिमा धान बाली र मकै बालीले ढाकेको क्षेत्रफल क्रमशः २.९ प्रतिशत र १.९ प्रतिशतले घटेको थियो भने कोदो बाली र जौ बालीले ढाकेको क्षेत्रफल क्रमशः १.४ प्रतिशत र ६९.३ प्रतिशतले बढेको थियो ।

आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनाको अवधिमा प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये धान, मकै, कोदो र आलु बालीले ढाकेको क्षेत्रफलको अंश क्रमशः ४२.१ प्रतिशत, ३७ प्रतिशत, ९.७ प्रतिशत र ५ प्रतिशत रहेको छ । समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमा धान मकै कोदो र आलुको अंश क्रमशः ३६.७ प्रतिशत, ३२.३ प्रतिशत, ८.५ प्रतिशत र ४.३ प्रतिशत रहेको छ । समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये झापा जिल्लामा सबैभन्दा बढी २०.५ प्रतिशत र सोलुखुम्वु जिल्लामा सबैभन्दा कम ३.२ प्रतिशत क्षेत्रफल रहेको छ ।

### ३.१.२ तरकारी

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ०.९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ९.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा प्रदेशको समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमा तरकारी बालीले ढाकेको क्षेत्रफल ५.२ प्रतिशत रहेको छ भने तरकारी बालीको कुल क्षेत्रफलमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी २०.७ प्रतिशत र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम १.४ प्रतिशत भू-भाग रहेको छ ।

### ३.१.३ फलफूल

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल २४.१ प्रतिशतले घटेको छ । आँप, लिची र सुन्तलामा किराको प्रकोप बढ्दै गएको कारण ती फलफूलहरु लगाउने कृषकको संख्या घटेको र तराईमा आवासीय प्रयोजनका लागि जग्गा खण्डीकरण हुँदै गएकोले फलफूलको क्षेत्रफल घटेको हो । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ०.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा प्रदेशको कुल कृषि उपजले ढाकेको क्षेत्रफलमा फलफूल खेतीले ढाकेको क्षेत्रफल २.५ प्रतिशत रहेको छ भने फलफूल खेतीको क्षेत्रफल मध्ये मोरङ जिल्लामा सबैभन्दा बढी २१.७ प्रतिशत र ओखलढुङ्गा जिल्लामा सबैभन्दा कम १.४ प्रतिशत भू-भाग रहेको छ ।

### ३.१.४ मसला बाली

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा मसला बालीले ढाकेको क्षेत्रफल १५.५ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा प्रदेशको कुल कृषि उपजले ढाकेको क्षेत्रफलमा मसला बालीले ढाकेको क्षेत्रफल ३.१ प्रतिशत रहेको छ भने मसला बालीले ढाकेको क्षेत्रफलमध्ये इलाम जिल्लामा सबैभन्दा बढी १८.७ प्रतिशत र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ ।

### ३.१.५ चिया तथा कफी


आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा चिया खेतीले ढाकेको क्षेत्रफल ०.६ प्रतिशत र कफीको क्षेत्रफल २५ प्रतिशतका दरले घटेको छ । गत वर्षको सोही अवधिमा चियाको क्षेत्रफल १.२ प्रतिशतले घटेको र कफीको क्षेत्रफल २२.२ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा प्रदेशको कुल कृषि उपजले ढाकेको क्षेत्रफलमा चिया तथा कफी बालीले ढाकेको क्षेत्रफल १.८ प्रतिशत रहेको छ । चिया तथा कफी खेती गरिएको कुल क्षेत्रफलमध्ये झापा र इलाम जिल्लामा मात्र ९५ प्रतिशत भू-भाग रहेको छ ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादनमा २.२ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन २.८ प्रतिशतले बढेको थियो । सिँचाइ, मलखाद, उन्नत बीउबिजन, प्राविधिक परामर्श आदि

सेवाको समुचित उपलब्धतामा कठिनाई, मौसमी प्रतिकुलता, कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण नहुनु, सरकारी अनुदान र प्रोत्साहन कार्यक्रमको फितलो कार्यान्वयन अवस्था, विदेशी वस्तुसँग मूल्य प्रतिस्पर्धा गर्न नसक्नु, बाँदर र अन्य जङ्गली जनावरको आक्रमणले बालीनाली विनाश गर्ने क्रममा वृद्धि जस्ता कारणले केही खाद्य, नगदे तथा अन्य बाली र आँपको उत्पादनमा कमी आई समग्र कृषि उत्पादन घटेको पाइएको छ ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन अवस्था**




स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.२.१ खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ४.३ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन ४ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा धान, मकै, कोदो र फापरको उत्पादन क्रमशः ५.७ प्रतिशत, २.९ प्रतिशत, ११.२ प्रतिशत र ३४.९ प्रतिशतले बढेको छ भने जौ, आलु उखु, सनपाट, भटमास, तेलहन र दलहनको उत्पादनमा क्रमशः २.१ प्रतिशत, ११ प्रतिशत, ३३.१ प्रतिशत, ९०.९ प्रतिशत, ८.४ प्रतिशत, ८९.८ प्रतिशत र ५१.२ प्रतिशतले कमी आएको छ । गत वर्षको सोही अवधिमा धान उत्पादन २ प्रतिशत, कोदो उत्पादन १७.२ प्रतिशत, आलु उत्पादन ३.४ प्रतिशत र उखु उत्पादन ४.४ प्रतिशतले घटेको थियो भने मकै उत्पादन २३.८ प्रतिशत र फापर उत्पादन ३८.१ प्रतिशतले बढेको थियो । यस प्रदेशमा किसानहरुले उत्पादनको लागत बमोजिम समयमा उचित मूल्य नपाउने गरेकोले जुट र उखु खेती गर्ने किसानहरुले ती बालीहरु छोड्दै गएकोले उत्पादनमा ह्रास आएको हो । त्यसैगरी दलहन र तेलहन बालीमा उन्नत बीउ र मलखादको अभाव, विदेशबाट आयातित वस्तुको तुलनामा स्थानीय उत्पादन लागत प्रतिस्पर्धी हुन नसकेको आदि कारणले किसानहरुको आकर्षण घट्दै हुँदा उत्पादनमा कमी आएको देखिएको छ ।

**तालिका ३.१: खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा बालीहरुको अंश, कुल उत्पादनमा योगदान र उत्पादकत्व**

| बाली | उत्पादनमा योगदान (प्रतिशत) | ढाकेको क्षेत्रफलको अंश (प्रतिशत) | उत्पादकत्व |
|---|---|---|---|
| धान | ४२.० | ४२.१ | ४.० |
| मकै | २९.७ | ३७.० | ३.२ |
| कोदो | ३.३ | ९.७ | १.४ |
| आलु | १६.९ | ५.० | १३.७ |
| अन्य | ८.१ | ६.२ | ५.३ |
| कुल | १००.० | १००.० | |

स्रोत: कृषि ज्ञान केन्द्र

समीक्षा अवधिमा यस प्रदेशमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमध्ये धान उत्पादनको अंश सबैभन्दा बढी ४२ प्रतिशत, मकै उत्पादनको अंश २९.७ प्रतिशत र आलु उत्पादनको अंश १६.९ प्रतिशत रहेको छ। समग्र कृषि उपजको उत्पादनमा धान बालीको अंश सबैभन्दा बढी ३१.३ प्रतिशत, मकैको अंश २२.२ प्रतिशत र आलुको अंश १२.६ प्रतिशत रहेको छ। समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा जिल्लागत योगदानको आधारमा झापा जिल्लाको सबैभन्दा बढी २६.८ प्रतिशत र धनकुटा जिल्लाको सबैभन्दा कम २ प्रतिशत योगदान रहेको छ।

### ३.२.२ तरकारी

समीक्षा अवधिमा तरकारी बालीको उत्पादन ६.५ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १.४ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा तरकारी तथा बागवानीसँग सम्बन्धित उत्पादनमा जिल्लागत रुपमा झापा जिल्लाको सबैभन्दा बढी २५.८ प्रतिशत र सोलुखुम्बु जिल्लाको सबैभन्दा कम १.३ प्रतिशत योगदान रहेको छ।

### ३.२.३ फलफूल

समीक्षा अवधिमा फलफूलको उत्पादन १.६ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १.३ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा फलफूल उत्पादनमा जिल्लागत रुपमा झापा जिल्लाको सबैभन्दा बढी ४०.३ प्रतिशत र ओखलढुङ्गा जिल्लाको सबैभन्दा कम ०.३ प्रतिशत योगदान रहेको छ।

### ३.२.४ मसला बाली

समीक्षा अवधिमा मसलाको उत्पादन ०.३ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ४.८ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा मसलासँग सम्बन्धित उत्पादनमा जिल्लागत रुपमा इलाम जिल्लाको सबैभन्दा बढी ४०.२ प्रतिशत योगदान रहेको छ।

### ३.२.५ चिया तथा कफी

समीक्षा अवधिमा चियाको उत्पादन १.१ प्रतिशतले घटेको छ भने कफीको उत्पादन ७.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा चियाको उत्पादन ४२.१ प्रतिशतले घटेको थियो भने कफीको उत्पादन १५.५ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा यस प्रदेशको कुल चिया तथा कफी उत्पादनमध्ये ९६.८ प्रतिशत झापा र इलाम जिल्लामा मात्र उत्पादन भएको छ।

## कोशी प्रदेशको एक अत्याधुनिक कृषि उत्पादन फर्मः बञ्जरा एग्रो प्रा.लि

### १. विषय प्रवेशः

नेपाल राष्ट्र बैंकको ***आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संसोधन, २०७९)*** को परिच्छेद ३ मा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्दा देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने कृषि सम्बन्धी फर्म तथा परियोजना एवं उद्योगहरूको अध्ययन गरी आवश्यकता अनुसार आयात-निर्यात, रोजगारी, उत्पादन, क्षमता उपयोग लगायतका विवरण तथा Case Study हरू पनि प्रतिवेदनमा समावेश गरिने भनी उल्लेख भएबमोजिम यो परियोजना अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

### २.अध्ययन परिचयः

#### २.१ पृष्ठभूमिः

राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्ष २०७९/८० का लागि प्रक्षेपण गरेको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत तथा कोशी प्रदेशको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ३३.२ प्रतिशत रहने अनुमान रहेको सन्दर्भमा कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गरी व्यावसायिक रुपले ठूलो परिमाणमा कृषिजन्य उत्पादन गर्नसके मात्र समग्र उत्पादन र उत्पादकत्वमा वृद्धि गरी मुलुक कृषि उपजमा आत्मनिर्भर बन्ने र औद्योगिकीकरणको दिशातर्फ उन्मुख हुन सक्ने देखिन्छ । देशभित्र खपत हुने आधारभूत कृषि उत्पादनहरु आफ्नै माटोमा उत्पादन गरी कृषिमा आत्मनिर्भर हुन र ठूलो संख्यामा रोजगारी सृजना गर्नका लागि आधुनिक प्रविधिमा आधारित ठूला कृषि फर्महरुको सञ्चालन अपरिहार्य हुन्छ। यसै सन्दर्भमा कोशी प्रदेशको राजधानी समेत रहेको मोरङको विराटनगरमा आधुनिक प्रविधिमा आधारित भएर उन्नत नश्लका गाईपालन गरी स्थानीय बजारको माग बमोजिम स्वस्थकर दुध र तरकारीहरु उपलब्ध गराउने उद्देश्यले बञ्जरा एग्रो प्रा.लि. सञ्चालनमा आएको छ ।

#### २.२ अध्ययनको विधिः

Case Study गर्नको लागि उक्त फर्मको १ दिने स्थलगत भ्रमण गरी आवश्यक सूचना तथा जानकारीहरु संकलन गरिएको ।

#### २.३ जनशक्ति व्यवस्थापनः

नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयको आर्थिक अनुसन्धान इकाईमा कार्यरत सहायक निर्देशक अनिल सिवाकोटीको नेतृत्वमा प्रधान सहायकहरुः प्रदिप घिमिरे, सरोज कटुवाल र सुजनकुमार विश्वकर्मा सहितको टोलीले आर्थिक व्ययभार नपर्ने गरी फर्मको स्थलगत भ्रमण गरी आवश्यक जानकारी तथा तथ्याङ्कहरु लिएको ।

#### २.४ अध्ययनको उद्देश्य :

- कोशी प्रदेशमा रहेका आधुनिक प्रविधिमा आधारित व्यावसायिक नमूना कृषि फर्महरुको सञ्चालन अवस्था, उत्पादन क्षमता, समस्या, चुनौती, तथा संभाव्यता आदि सम्वन्धमा अध्ययन गर्ने ।
- छनोट गरिएको फर्मले कृषि उत्पादन वृद्धि, स्थानीय बजारको माग परिपूर्ति गरी दुग्ध पद्धार्थको आयात प्रतिस्थापन तथा रोजगारी सिर्जनामा गरेको योगदान सम्बन्धमा अध्ययन गर्ने ।
- छनोट गरिएको व्यावसायिक फर्मको पुँजीको स्रोत, आवश्यक सामग्रीको स्रोत तथा भावी मार्गचित्र सम्बन्धमा जानकारी लिने ।

#### २.५ अध्ययनका सीमाहरुः

- परियोजनाको स्थलगत भ्रमण गरी त्यहाँ कार्यरत व्यवस्थापकसँग मौखिक कुराकानी गरी तथ्याङ्क संकलन गरिएको ।
- सूचना प्रदायकले उपलब्ध गराएका तथ्याङ्क तथा सूचनाहरुको क्रस भेरिफिकेशन गर्ने आधारहरु नभएको ।

## २.६ फर्मको परिचयः

कोशी प्रदेशको राजधानी मोरङको विराटनगर महानगरपालिका वडा नं.१२ रानी, दरैया टोलमा वि.सं.२०७७ बाट निर्माण कार्य शुरु भएको बञ्जरा एग्रो प्रा.लि. विराटनगर निवासी मायादेवी चापागाईले कम्पनी दर्ता गरी सुरुवात गर्नुभएको हो । यस फर्मले वि.सं.२०७८ भदौबाट व्यावसायिक उत्पादन शुरु गरेको छ । कृषि क्षेत्रको आधुनिकीकरण र बजारीकरणमा जोड दिँदै स्थापना गरिएको यस फर्मले उन्नत जातका गाईपालन गरी विराटनगर क्षेत्रमा रहेको दुधको मागलाई पूरा गर्नेगरी स्वस्थकर दुध उपलब्ध गराउने, उन्नत जातका गाईका बाछा-बाछी उत्पादन गरी अन्य किसानहरुलाई बिक्री वितरण गरी पशुपालनलाई व्यवसायीकरण गर्न सघाउ पुऱ्याउने मुल उद्देश्य लिएको छ । यस फर्मको कुल लागत रु.२४ करोड (स्थिर सम्पत्ति सहित) रहेको छ । गाईबाट उत्पादित मलको सदुपयोग गर्दै विषादी रहित अर्गानिक तरकारीहरु उत्पादन गरी स्थानीयबजारमा आपूर्ती गर्नेगरी टनेल प्रविधिमा आधारित भएर तरकारी खेती समेत सुरु गरिएको छ । अटोमेटिक प्रविधिको प्रयोग गरी गाईको दुध दुहुने, आहारको प्रवन्ध गर्ने जस्ता कामहरु हुँदै आएको छ । गाईवस्तुको उचित स्याहार सम्भारको लागि हाल १ जना विज्ञ पशुचिकित्सकलाई स्थायी रुपमा ल्याएर राखिएको छ, जसले गाईहरुका विभिन्न स्वास्थ्य समस्याको जाँच गरी औषधीउपचार गर्ने, पोषण र आहारको उचित व्यवस्थापनमा निर्देशन दिने, कृत्रिम गर्भाधान सेवा दिने जस्ता पशुपालन सम्बन्धी पूर्णकालीन प्राविधिक सेवाहरु दिने गर्दछन् । स्थापनाताका भारतबाट उन्नत जातका माउ गाईहरु ल्याई फर्म सुरुवात गरिएको थियो भने हाल त्यहाँ कार्यरत पशुविज्ञको रोहबरमा फर्ममै गाईको कृत्रिम गर्भाधान गराई त्यसबाट जन्मेका बाछीहरुलाई हुर्काएर माउ गाई बनाउने गरिएको छ । यस फर्मले हाल अटोमेटिक प्रविधिबाट दुध दुहेर सिधै मेशिनमा जम्मा भई प्रोशेसिङ्ग पश्चात प्रशोधित दुध तथा अन्य दुग्ध पद्धार्थहरु प्याकेजिङ्ग र ब्राण्डिङ्ग भएर अन्तिम उत्पादनको रुपमा आउने प्रकृतिको स्वचालित मिल्क पार्लर निर्माण गरिरहेको छ । यस परियोजना सम्पन्न भएपश्चात एक अत्याधुनिक पशुपालन फर्मको रुपमा पूर्ण क्षमतामा फर्म सञ्चालनमा आउने फर्मका व्यवस्थापकले जानकारी दिए ।

| बञ्जरा एग्रो प्रा.लि., संक्षिप्त परिचयः | |
|---|---|
| सञ्चालन मितिः | वि.सं.२०७८ भदौ |
| कुल लागतः | हालसम्म रु.२४ करोड |
| प्रोप्राईटरको नामः | मायादेवी चापागाई |
| कुल क्षमताः | २५० वटा गाई पाल्न सकिने |
| फर्मको क्षेत्रफलः | फर्मको पेरीफेरीमा ५ विगाहा |
| प्रमुख उत्पादनः | दुध र दुधजन्य पद्धार्थ, तरकारी |



(गाई फर्म)



(ग्रिन हाउस)

*फोटो स्रोतः सहायक निर्देशक अनिल सिवाकोटी*

## २.७ फर्मको उद्देश्यः

- नेपाली कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गर्न आधुनिक प्रविधिको प्रयोग गरी उन्नत जातका पशुपालन गरी पशुजन्य उत्पादनमा आत्मनिर्भर हुन सहयोग गर्ने ।

- व्यावसायिक पशुपालनलाई प्रवर्द्धन गर्न स्वदेशमै उन्नत जातका गाईका बाछीहरु उत्पादन गरी किसानहरुलाई उपलब्ध गराउने । किसानहरुलाई व्यावसायिक पशुपालन सम्बन्धी तालिम प्रदान गर्न तालिम केन्द्र सञ्चालन गर्ने ।
- आधुनिक र स्वचालित प्रविधिको प्रयोग गरी स्वस्थकर दुध र दुग्ध पद्धार्थ एवं अर्गानिक तरकारीहरु उपभोक्ता माझ पुऱ्याउने ।

**२.८ सञ्चालन क्षमता, पुँजी लगानी तथा विद्यमान अवस्था :**

पशुपालन र कृषिमा आधुनिक प्रविधिको प्रयोग गरी ठूलो परिमाणमा स्वस्थकर दुध तथा तरकारी उत्पादन गरी स्थानीय बजारको मागलाई स्थानीयउत्पादनले परिपूर्ति गर्ने ध्येयले स्थापित यस फर्म कुल ५ विगाहा क्षेत्रफलमा रहेको छ भने नजिकैको स्थानमा २५ विगाहा जग्गा भाडामा लिएर गाईपालनको लागि चाहिने आहारको लागि घाँस खेती गरिएको छ। यस फर्ममा २५० वटा गाई अट्ने क्षमता रहेकोमा हाल दुध दिने ६९ वटा समेत गरी कुल ९४ वटा होलस्टियन फ्रिजियन जातका माउ गाईहरु र ४५ वटा बाछीहरु रहेका छन् । हालसम्म यस फर्ममा स्थिर सम्पत्ति सहित रु.२४ करोड लगानी भैसकेको र विश्व बैंकको रु.१ करोड अनुदान प्राप्त भएको निर्माणधिन मिल्क पार्लरको कार्य सम्पन्न भई सञ्चालनमा आउँदासम्म फर्मको कुल लगानी करिब रु.२८ करोड पुग्ने अनुमान रहेको बताइएको छ। यस फर्मले बैंक तथा वित्तीय संस्थाबाट रु.११ करोड बराबरको कर्जा उपभोग गरेको छ। हाल एउटा होलस्टियन फ्रिजियन गाईले औसत २५-४३ लिटर प्रतिदिन दुध दिने गरेको र दैनिक सरदर १००० लिटर दुध उत्पादन भैरहेको बताइएको छ । मिल्क पार्लरको निर्माण कार्य सम्पन्न भएपश्चात पूर्ण क्षमतामा गाईपालन गरी दुध उत्पादन गर्ने र उन्नत जातका बाछीहरु उत्पादन गरी अन्य किसानहरुलाई समेत बिक्री गर्ने, स्थानीयबजारमा सुपथ मुल्यमा स्वस्थकर दुग्ध पद्धार्थ उपलब्ध गराउने साथै गाईको गोबर मलको प्रयोग गरी फर्मभित्र रहेको ग्रिन हाउस मा स्वस्थ र विषादी रहित तरकारी उत्पादन गरी उपभोक्तामाझ पुऱ्याउने योजना रहेको समेत फर्मका व्यवस्थापकले जानकारी दिए। हाल यस फर्ममा भारतबाट ल्याइएका १ जना पशु विज्ञ चिकित्सक र १६ जना कामदारहरु कार्यरत रहेका साथै फर्ममा रहेका सबै गाई तथा बाछीहरुको बीमा गरिएको समेत जानकारी प्राप्त भएको छ ।

| २.९ फर्मको सवल पक्षहरु (Strengths) | २.१० फर्मका समस्याहरु (Weaknesses) |
|---|---|
| • आधुनिक प्रविधिको प्रयोग गरी गाईको आहार व्यवस्थापन र दुध दुहुने कार्य गर्ने गरिएकाले श्रम लागत न्यून हुने ।<br>• आहारको व्यवस्थापनको लागि आफैले मकै तथा घाँस खेती गरेकोले आहार व्यवस्थापन मितव्ययी र सहज हुने ।<br>• गाईको स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरुको पहिचान र उपचार गर्न आफ्नै पूर्णकालीन पशु विज्ञ रहेको ।<br>• स्थानीयस्तरमा उत्पादित दुग्धजन्य पद्धार्थले बजार पाउने निश्चितता धेरै हुनु । | • व्यवसाय विस्तारको लागी सहुलियतपूर्ण कर्जाको उपभोग गर्न नपाएको ।<br>• पशु सेवा कार्यालयबाट न्यून मात्रामा मात्र प्राविधिक सेवा एवं गाईको कृत्रिम गर्भाधानमा आवश्यक सामग्री (semen) उपलब्ध हुनु ।<br>• फर्मभित्र रहेको ग्रिन हाउसको लागि आवश्यक उन्नत बीउबीजन, मलखाद तथा गाईको लागि आवश्यक दाना तथा आहारा आदि सामग्रीहरु अधिक मूल्य हालेर विभिन्न स्थानबाट खरिद गर्नुपर्ने बाध्यता रहेको । |

| २.११ फर्मका संभाव्यताहरु (Opportunities) | २.१२ फर्मका चुनौतीहरु (Threats) |
|---|---|
| • पूर्ण क्षमतामा फर्म सञ्चालनबाट ठूलो परिमाणमा गुणस्तरीय दुग्ध पद्धार्थ उत्पादन गरी बजारमा सुपथ मूल्यमा उपलब्ध गराई राम्रो बजार हिस्सा ओगट्न सक्ने ।<br>• उन्नत जातका गाईका बाछीहरु उत्पादनगरी स्थानीय किसानहरुलाई सहुलियत दरमा बिक्री गर्ने र तालिम केन्द्र समेत सञ्चालनमा ल्याउने फर्मको लक्ष्य भएकोले यसबाट भविष्यमा मनग्य आम्दानी हुनसक्ने साथै यसले कोशी प्रदेशको गाईपालन व्यवसायलाई व्यवसायीकरण गर्न मद्दत पुऱ्याउन सक्ने ।<br>• गाईपालनबाट उत्पादन भएको अर्गानिक गोबर मलको प्रयोग गरी अर्गानिक तरकारीहरु समेत उत्पादन गरी बजारमा आपूर्ति गर्न सकेमा स्थानीय बजारमा स्वस्थकर तरकारी उपलब्ध हुने । | • पूर्ण क्षमतामा फर्म सञ्चालनमा आइसकेपछि आफ्नो सम्पूर्ण उत्पादन बिक्री हुनेगरी बजार विस्तार गर्नु तथा दुग्ध उत्पादन फर्म तथा डेरीहरुसँग प्रतिस्पर्धा गरी आफ्नो बजार हिस्सा बढाउनु ।<br>• स्थिर सम्पत्ति सहित फर्मको ठूलो पुँजी लगानी भएकोले उक्त लगानीमा वार्षिक समुचित प्रतिफल सुनिश्चित गर्नु ।<br>• आवश्यक आधुनिक यन्त्र उपकरण, आहार, मलखाद तथा दक्ष जनशक्ति न्यूनतम लागतमा नियमित आपूर्तीको सुनिश्चितता गरी आफ्नो उत्पादनलाई अन्य प्रतिस्पर्धीको भन्दा गुणस्तरीय किसिमले सस्तो मूल्यमा उपलब्ध गराई ग्राहक आकर्षण गर्नु । |

## ३. अध्ययनको निष्कर्ष

- सरकारी अनुदान तथा सहुलियतको अभाव, अनुदान कार्यक्रमहरुको कार्यान्वयन र अनुगमनमा रहेका कमी कमजोरीहरु, बजारीकरणको अभाव, वित्तीय पहुँचको कमी आदि कारणले गर्दा कृषि क्षेत्रमा निजी लगानी आकर्षित हुन नसकिरहेको परिप्रेक्ष्यमा यस क्षेत्रमा स्थापना भएको यस बञ्जरा एग्रो प्रा.लि.ले कृषिको एक अभिन्न अंगको रुपमा रहेको पशुपालन र तरकारी उत्पादन क्षेत्रको विकास, विस्तार तथा आधुनिकीकरण मार्फत् विद्यमान अवस्थामा आयात प्रतिस्थापन गर्दै आम उपभोक्तामाझ स्वस्थकर र ताजा दुग्ध पद्धार्थ एवम् तरकारीहरु उपलब्ध गराई ती क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वदेशभित्रै रोजगारीका अवसरहरु सृजना गर्न समग्र प्रदेशलाई दिशानिर्देश गर्नसक्ने देखिन्छ ।

- यस फर्मको स्थापना पश्चात प्रशस्त मात्रामा होटल, रेष्टुरेण्ट, मिष्ठान्न भण्डार, सरकारी कार्यालय तथा निजी क्षेत्रका उद्योग प्रतिष्ठान एवम् ठूलो घना आवासीय क्षेत्रहरु भएको विराटनगर र आसपासको क्षेत्रका उपभोक्ताले स्वस्थकर उत्पादन प्राप्त गर्नेछन् भने यस फर्मले उन्नत जातका बाछी वितरण गर्ने तथा अन्य किसानलाई तालिम समेत प्रदान गर्ने लक्ष्य राखेकोले पशुपालनको व्यवसायीकरणमा समेत बल पुग्ने देखिन्छ ।
- समग्र अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण मार्फत कृषिमा आधारित उद्योगधन्दाको विकास मार्फत रोजगारी अभिवृद्धि गरी अर्थतन्त्रलाई सबलीकरण गर्नको लागि प्रादेशिक एवम् संघीय सरकारले सहजकर्ताको भूमिका खेली कृषि पूर्वाधारहरुको विकास, उन्नत कृषि सामग्री, मलखाद, बीउबिजन, प्राविधिक सेवा आदिको सहज उपलब्धता, उर्जाको निरन्तर प्रवाह, वास्तविक उत्पादनशील किसानलाई प्रोत्साहन तथा किसानले राज्यबाट पाउनुपर्ने विभिन्न सहुलियत, अनुदान तथा बीमा, उत्पादनको बजार सुनिश्चितता जस्ता सुविधाहरु प्रभावकारी रुपमा विस्तार गरी यस प्रकारका आधुनिक व्यवसायिक परियोजना प्रवर्द्धन गर्न सकेमा कृषिमा आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी अर्थतन्त्रको जगलाई मजबुत बनाउन सकिने देखिन्छ ।

## ३.३ पशुपन्छी र माछा उत्पादन

### ३.३.१ पशुजन्य उत्पादन

समीक्षा अवधिमा गत वर्षको पहिलो ६ महिनाको तुलनामा दुधको उत्पादन २.३ प्रतिशत, मासुको उत्पादन १.४ प्रतिशत र अण्डाको उत्पादन २.६ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा दुध, मासु र अण्डाको क्रमशः २.३, १.३ र ३.६ प्रतिशतले वृद्धि भएको थियो । पछिल्लो समयमा व्यावसायिक रुपमा उन्नत नश्लका पशुपन्छीपालन गर्ने किसानको संख्यामा वृद्धि हुँदैगएको, उत्पादित वस्तुको बजार माग उल्लेख्य रहेको, सरकारी निकायबाट सञ्चालन भएका जोन/ब्लक कार्यक्रम, सहुलियतपूर्ण कर्जा, अनुदान, प्राविधिक सहायता, रोगव्याधी निदान जस्ता कार्यक्रमहरुले गर्दा पशुपन्छीपालन व्यवसायमा आकर्षण बढ्दै गएकोले पशुजन्य उत्पादनमा वृद्धि भएको हो ।

**तालिका नं. ३.२ : कोशी प्रदेशमा माछा र पशुजन्य उत्पादनको अवस्था**

| उत्पादन | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | वृद्धिदर |
|---|---|---|---|
| दुध (हजार लि.) | ३,१६,११७.८ | ३,२३,४३५.९ | २.३ |
| मासु (मे.ट) | ५५,०६९.६ | ५५,८२९.० | १.४ |
| अण्डा (हजार गोटा) | १,२१,७४०.० | १,२४,८४९.४ | २.६ |
| माछा उत्पादन (मे.ट.) | ५,५६४.६ | ५,९७४.३ | ७.४ |

स्रोत : अध्ययन क्षेत्रका भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

समीक्षा अवधिमा यस प्रदेशको दुध उत्पादनमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी २९.९ प्रतिशत रहेको छ भने ओखलढुङ्गा जिल्लाको अंश सबैभन्दा कम ०.३ प्रतिशत रहेको छ। मासु उत्पादनमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी २२.५ प्रतिशत रहेको छ भने ताप्लेजुङ जिल्लाको अंश सबैभन्दा कम १.९ प्रतिशत रहेको छ। त्यसैगरी अण्डा उत्पादनमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी २८.६ प्रतिशत रहेको छ भने ओखलढुङ्गा जिल्लाको अंश सबैभन्दा कम ०.३ प्रतिशत रहेको छ ।

### ३.३.२ माछा उत्पादन

समीक्षा अवधिमा माछा उत्पादन ७.४ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन ७.४ प्रतिशतले नै बढेको थियो । समीक्षा अवधिमा माछा उत्पादनमा जिल्लागत योगदानको आधारमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी ४६.३ प्रतिशत रहेको छ । यस प्रदेशमा भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रवाट अनुदानमा पोखरी निर्माण भई माछाका भुरा उत्पादन तथा वितरणका साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत मोरङ जिल्लामा माछा जोन कार्यक्रम सञ्चालनमा रहेको र अन्य जिल्लामा पनि यस कार्यक्रम अन्तर्गत पकेट तथा ब्लक सञ्चालनमा रहेकाले यस प्रदेशमा माछाको उत्पादन बढेको देखिएको छ ।


## ३.४ वनजन्य उत्पादन

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा काठ उत्पादन ३३.३ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा दाउरा उत्पादन ४५.९ प्रतिशतले वृद्धि भएको छ भने औषधिजन्य उत्पादन ४३.१ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा काठ र औषधिजन्यको उत्पादन क्रमशः २९.७ प्रतिशत र ८४.९ प्रतिशतले वृद्धि भएको थियो भने दाउरा उत्पादन १५.९ प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा कोशी प्रदेशका डिभिजन वन कार्यालयहरुले निजी वनको काठ कटानका लागि स्वीकृति दिएको, ग्रामीण इलाकामा सडक सञ्जाल विस्तारका क्रममा रुख कटान गर्नुपर्ने तथा ग्रामीण इलाकासम्म सडक सुविधाको पहुँच पुगेकाले काठ उत्पादन बढेको देखिन्छ। साथै, डिभिजन वन कार्यालयहरुबाट प्राप्त जानकारी अनुसार काठ उत्पादन गणना विधिमा समेत परिवर्तन आएकोले काठ उत्पादन बढेको देखिन्छ ।

काठको उत्पादनमा आएको बृद्धिसँगै दाउराको उत्पादन उल्लेख्य रुपमा वृद्धि भएको देखिन्छ। तेजपात, अमला, मजिठो, अम्रिसो, गुर्जो, रिठ्ठा, चिराइतो लगायतका औषधिजन्य उत्पादनहरुको मागमा कमी आउनाले उत्पादन समेत घटेको देखिन्छ ।

**चार्ट ३.३ : कोशी प्रदेशमा काठ उत्पादनको जिल्लागत अवस्था**




स्रोतः अध्ययन क्षेत्रका डिभिजन वन कार्यालय

## ३.५ सिँचाइ तथा मौसम

कोशी प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफल ८ लाख २१ हजार ६ सय ११ हेक्टर रहेकोमा समीक्षा अवधिमा ७ लाख ७ हजार २ सय २१ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ। कुल खेतीयोग्य क्षेत्रफलमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी १३.६ प्रतिशत र ताप्लेजुङ जिल्लाको अंश सबैभन्दा कम ३.४ प्रतिशत रहेको छ।

२०७९ पुस मसान्तसम्म कोशी प्रदेशको कुल ३ लाख ५ हजार ७ सय १३ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ जुन कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा ३७.२ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल खेतीयोग्य क्षेत्रफलको ३६.५ प्रतिशत भागमा यस्तो सुविधा पुगेको थियो। प्रदेशमा नयाँ ठूला सिँचाइ आयोजना निर्माण नभएको र सरकारको बजेट पुराना आयोजनाको मर्मत सम्भारमा केन्द्रित हुने गरेकोले सिँचाइ सुविधामा उल्लेख्य विस्तार हुन सकेको देखिदैन। जिल्लाको कुल खेतीयोग्य क्षेत्रफल मध्ये सुनसरी जिल्लामा सबैभन्दा बढी ८५ प्रतिशत र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम ०.४ प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको छ।

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा प्रदेशमा कुल सिञ्चित क्षेत्रफल २.० प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.० प्रतिशतले बढेको थियो ।


तालिका ३.३ : कोशी प्रदेशमा सिँचाइको जिल्लागत अवस्था

| जिल्ला | कुल खेतीयोग्य क्षेत्रफल (हे.) | खेती गरिएको क्षेत्रफल (हे.) | कुल सिँचित क्षेत्रफल (हे.) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल (%) |
|---|---|---|---|---|
| सुनसरी | ८१,७५६ | ७४,३५३ | ६९,५०३.५ | ८५.० |
| उदयपुर | २८,१६२ | २५,७९४ | २१,५०५ | ७६.४ |
| मोरङ | १,११,६९५ | १,००,३१० | ८१,९६० | ७३.४ |
| झापा | ९८,७१६ | ९०,००० | ५५,९२२.५ | ५६.६ |
| संखुवासभा | ३१,५९६ | ३०,६०० | ६४९० | २०.५ |
| ताप्लेजुङ | २७,५५१ | २२,५०० | ११,२०१ | ४०.७ |
| खोटाङ | ६६,७९३ | ५६,६०४ | १८,७५२ | २८.१ |
| पाँचथर | ६०,२५७ | ५१,५१९ | १३,६६८ | २२.७ |
| तेह्रथुम | ३७,२८२ | ३०,७२९ | ६,६४३ | १७.८ |
| धनकुटा | ४०,७२३ | ३९,८९५ | ६,५२०.५ | १६.० |
| इलाम | ७०,३३० | ६३,२९७ | ९,३६७.५ | १३.३ |
| भोजपुर | ६२,२९९ | ५६,९६३ | ३,०७८ | ४.९ |
| ओखलढुङ्गा | ५९,०६६ | २४,०२६ | ९१६ | १.६ |
| सोलुखुम्बु | ४५,३८५ | ४०,६३१ | १८६ | ०.४ |
| **जम्मा** | **८,३१,६११** | **७,०७,२२१** | **३,०५,५५७** | **३७.२ (औसत)** |

स्रोत: जिल्लास्थित कृषि ज्ञान केन्द्र र जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय

अघिल्लो आर्थिक वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा कुलोबाट सिञ्चित क्षेत्रफल ४.१ प्रतिशत, पोखरीबाट सिञ्चित क्षेत्रफल १.८ प्रतिशत, नहरबाट सिञ्चित क्षेत्रफल ०.३ प्रतिशत र बोरिङबाट सिञ्चित क्षेत्रफल १.० प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुलो, पोखरी, नहर र बोरिङ्गबाट सिञ्चित क्षेत्रफल क्रमशः १.७ प्रतिशत, २.० प्रतिशत, ०.४ प्रतिशत र ०.४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफलमा कुलो, नहर, बोरिङ्ग तथा पोखरीको योगदान क्रमशः ४१.२ प्रतिशत, ३९.३ प्रतिशत, बोरिङ्गको १५.९ प्रतिशत र पोखरीको ३.६ प्रतिशत रहेको छ ।

चार्ट ३.४ : कोशी प्रदेशमा सिँचाइका स्रोतहरुको अवस्था





स्रोत: अध्ययन क्षेत्रका जलस्रोत तथा सिचाइ डिभिजन कार्यालय ।

## ३.६ क्षेत्रगत कृषि कर्जा

२०७९ असार मसान्तको तुलनामा २०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा ६.२ प्रतिशतले वृद्धि भई रु.५७ अर्ब ९२ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १२.६ प्रतिशतले बढेको थियो। २०७९ असार मसान्तसम्म यस क्षेत्रमा प्रवाह भएको कुल कर्जा रु.५४ अर्ब ५२ करोड रहेको थियो। समीक्षा अवधिमा कोशी प्रदेशमा रु.५ खर्ब ५६ अर्ब बराबर कुल कर्जा प्रवाह भएकोमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १०.४ प्रतिशत रहेको छ। २०७९ असार मसान्तमा कुल कर्जामा यस्तो कर्जाको अंश १० प्रतिशत रहेको थियो।

२०७९ पुस मसान्तसम्म कृषि कर्जाका विभिन्न शीर्षकहरुमा प्रवाहित कर्जा मध्ये अन्य कृषि तथा कृषिजन्य सेवामा प्रवाहित कर्जाको अंश सबैभन्दा बढी २७.१ प्रतिशत रहेको छ।


**चार्ट ३.५ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था**




स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)

यसैगरी, २०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न शीर्षकहरुमा जिल्लागत रुपमा प्रवाहित कर्जामध्ये मोरङ जिल्लामा सबैभन्दा बढी रु.१८ अर्ब २४ करोड (३१.५ प्रतिशत) र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम रु.३३ करोड (०.६ प्रतिशत) रहेको छ। २०७८ पुस मसान्तको तुलनामा समीक्षा अवधिमा कृषि क्षेत्रमा प्रवाहित कर्जा ११.२ प्रतिशतले बढेको छ भने सो अवधिमा जिल्लागत रुपमा सुनसरी जिल्लामा सबैभन्दा बढी १९.३ प्रतिशतले कृषि कर्जामा वृद्धि भएको छ। साथै, ताप्लेजुङ जिल्लामा सबैभन्दा बढी २०.३ प्रतिशतले कृषि कर्जा घटेको छ।

चार्ट ३.६ : जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था




स्रोत: नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### *चुनौतीहरु*

कोशी प्रदेशको कृषि क्षेत्रमा पूर्व प्रतिवेदनहरुले पहिचान गरेका विगतमा रहेका चुनौतीहरु हालसम्म विद्यमान रहेका छन् साथै निम्न बमोजिमका थप चुनौतीहरु पहिचान गरिएको छ ।

***कृषि बाली***

- यस क्षेत्रमा विगत देखि नै उत्पादन भइरहेका रैथाने प्रकृतिका कृषि बालीहरुको प्रवर्द्धन गरी उक्त बालीहरुको व्यावसायिक रुपमा अर्गानिक खेती प्रणालीमा रुपान्तरण गर्नु ।
- सरकारी अनुदान तथा सहुलियतपूर्ण कृषि कर्जाको पहुँच वास्तविक किसानसम्म विस्तार गरी ती कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्ने चुस्त, दुरुस्त संयन्त्रको विकास गर्नु ।
- कृषकहरुलाई आवश्यक परेको समयमा सर्वसुलभ मूल्यमा उन्नत जातका बीउबिजन, रासायनिक मल, कृषि औजार तथा उपकरण एवं प्राविधिक सेवा उपलब्ध गराई आधुनिक व्यावसायिक खेती प्रणालीमा रुपान्तरण गर्नु ।
- कृषि/बाली बीमाको पहुँच तथा प्रभावकारीता वृद्धि गरी जोखिम विरुद्ध सुनिश्चितता प्रदान गर्नु ।
- विदेशतर्फ पलायन भैरहेको श्रमशक्तिलाई स्वदेशमै व्यावसायिक कृषि पेशा अँगाल्न आकर्षित गर्न आवश्यक प्रोत्साहन, सहुलियत तथा सहायत प्रदान गरी कृषि पेशामा संलग्न भै-आएका श्रमशक्तिलाई व्यावसायिक कृषकमा रुपान्तरण गरी कृषिलाई पर्यटन र उद्योगसँगको अन्तरसम्बन्ध स्थापित गर्नु ।

***पशुपन्छी, मत्स्यपालन तथा वनजन्य उत्पादन***

- पशुपन्छी तथा मत्स्य उत्पादन बढ्दै गईरहेको सन्दर्भमा किसानहरुलाई उत्पादनको बजार र मूल्य सुनिश्चितता प्रदान गर्नेगरी मासु प्रशोधन तथा फ्रोजन मासु उत्पादन गर्ने उद्योगहरु स्थापनाका लागि प्रोत्साहन गर्नु ।

- पशुपालन व्यवसायको हकमा विशेषगरी गाईभैंसीमा हाल विकराल समस्याको रुपमा देखिएको Lumpy Skin Disease (LSD) को कारण पशुचौपायाको मृत्यु, गाईभैंसीमा देखिने बाँझोपन, TB, जस्ता रोगहरुले प्रत्यक्षरुपमा पशुहरुको प्रजनन क्षमता र दुध उत्पादनमा ह्रास ल्याउने गरेको त्यस्तै खसी बाखामा उच्च ज्वरो, पखाला जस्ता समस्याले गर्दा मृत्युदर उच्च हुने गरेको कारण त्यस्ता रोगहरुको प्रकोप नियन्त्रण गरी पशुजन्य उत्पादन वृद्धि गर्दै स्वस्थकर दुध र मासु उपलब्ध गराउनु ।
- दक्ष पशुसेवा विज्ञ मार्फत किसानहरुको घरदैलोसम्म सहज तरिकाले सुपथ मूल्यमा पशु स्वास्थ्यसम्बन्धी विभिन्न सेवाहरु विस्तार गर्नु ।
- तराईका जिल्लाहरुमा वर्षात्को समयमा आउने बाढीले माछाहरु बगाएर किसानलाई हुने नोक्सानीको न्यूनीकरणका लागि नदी नियन्त्रण तथा ढल व्यवस्थापन कार्यलाई प्रभावकारी एवं व्यवस्थित रुपमा सञ्चालन गर्नु ।
- पशुचौपाया र मत्स्य फर्महरुको बीमा प्रिमियममा सरकारले अनुदान उपलब्ध गराई सबै व्यावसायिक फर्महरुलाई बीमाको दायरामा ल्याई व्यावसायिक जोखिम विरुद्ध सुनिश्चितता अभिवृद्धि गर्नु ।
- वन क्षेत्रलाई अतिक्रमण, चोरी तस्करी आदिबाट बचाई पर्यावरण र जैविक विविधताको संरक्षण गर्दै मानवीय आवश्यकता परिपूर्तिका लागि निर्माण गरिने विभिन्न भौतिक संरचना तथा सामग्रीहरुको निर्माणका लागि आवश्यक पर्ने वनजन्य उत्पादनहरुको मागलाई परिपूर्ति गर्नेगरी वैज्ञानिक वन व्यवस्थापन गर्नु ।
- भौतिक विकासको नाममा वनजंगलका विनास तथा फँडानी भएका रुखविरुवाहरुको सट्टा नयाँ वृक्षारोपण गरी वन क्षेत्रफललाई बचाइराख्नु ।
- जलवायु परिवर्तन, बाढी, पहिरो, खडेरी आदि जस्ता प्राकृतिक कारणबाट वनजंगल तथा बोटविरुवामा पर्नजाने प्रतिकुल असरलाई न्यूनीकरण गर्नु ।

***<u>सिँचाइ</u>***

- सञ्चालनमा रहेका सिँचाइ आयोजनाहरुको नियमित मर्मत सम्भार तथा स्तरवृद्धि गरी पूर्ण क्षमतामा सञ्चालन गर्नु । तराईका जिल्लाहरुमा प्रत्येक वर्ष वर्षायाममा नदीले खेतीयोग्य जमिन कटान गर्दै जाने समस्यालाई निराकरण गर्न ठूला नदीमा बाँध निर्माण गरी उर्बर जमिनको क्षयीकरण रोक्नु ।
- पहाडी भेगमा संचालित हाइड्रोपावर तथा तराई क्षेत्रमा संचालित बालुवा, गिटी तथा क्रसर उद्योगले नदी, खोलाको जथाभावी कटान गर्दा विभिन्न नदी, खोलाहरु सुक्दै जानु । साथै, Global Warming का कारणले नदी, खोलाहरुको मुहानहरु सुक्दै जानु ।

### *सम्भावनाहरु*

कोशी प्रदेशको कृषि क्षेत्रमा विगतमा रहेका संभावनाहरुका अतिरिक्त निम्न थप सम्भाव्यताहरु समेत पहिचान गरिएको छ ।

***<u>कृषि बाली</u>***

- कोशी प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेट मार्फत ल्याएको प्रदेश सरकार र स्थानीय तहको संयुक्त प्रयासमा एक पालिका एक उत्पादन कार्यक्रम संचालनबाट बाली र वस्तु विशेषका विशिष्टीकृत उत्पादन क्षेत्रहरुको क्रमशः विकास हुँदै कृषिको व्यवसायीकरण र औद्योगिकीकरण हुन सक्ने ।
- पहाडी जिल्लाहरुमा सुन्तला, किवी जस्ता फलफूलहरुको व्यावसायिक खेती विस्तार गरी ती वस्तुमा आधारित भई जाम, चकलेट, वाइन आदि उत्पादन गर्ने उद्योगधन्दाको विकास मार्फत ती फलफूलको बजार विस्तार गर्न र रोजगारी सिर्जना गर्न सकिने ।

- संघीय सरकारको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एवम् प्रदेश सरकार तथा स्थानीय निकायहरुबाट सञ्चालन भएका विभिन्न कृषि बालीहरुको सुपर जोन, जोन, ब्लक तथा पकेट क्षेत्र कार्यक्रमहरुबाट कृषकहरुलाई अनुदान, प्राविधिक सेवा, प्रोत्साहन जस्ता सुविधाहरु प्रदान हुँदै आएको कारण यस्ता कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनसकेमा कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण भई उत्पादन तथा उत्पादकत्व वृद्धि हुन सक्ने ।

***पशुपन्छी, मत्स्यपालन तथा वनजन्य उत्पादन***

- कोशी प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेट मार्फत पशुपन्छी तथा माछामा नश्ल सुधार गरी दुध तथा माछामासु जन्य उत्पादन वृद्धिका लागि उन्नत जातको सिमेन र माछाका भुराहरु खरिद गरी किसानहरुलाई वितरण गर्न र पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई स्थानीय तहसँग समन्वय गरी थप प्रभावकारी रुपमा सञ्चालन गर्न बजेटको व्यवस्था गरेकोले सो मार्फत पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादकत्व वृद्धि गर्नमा सघाउ पुग्न सक्ने ।
- मासु प्रशोधन उद्योगहरु खोल्नको लागि प्रोत्साहन र सहजीकरण गर्न सकेको खण्डमा पशुपन्छीजन्य उत्पादनको बजार सुनिश्चितता गरी प्रशोधित र प्याकिङ्ग गरिएको फ्रोजन मासु स्वदेश र विदेशमा निर्यात गरी आम्दानी वृद्धि र रोजगारी सिर्जना गर्न सकिने ।
- प्रदेशभित्र रहेका वनक्षेत्रहरुको वैज्ञानिक व्यवस्थापन गर्दै कटान गरिएको बराबर वृक्षारोपण गरी पुनः वनक्षेत्रलाई हराभरा बनाउने स्पष्ट कार्यनीति लागु गर्नसकेमा मानवीय आवश्यकताका संरचना र सामग्रीहरु बनाउन आवश्यक वन पैदावर सुपथ मुल्यमा उपलब्ध गराई राज्यको राजस्व वृद्धि गर्न र विदेशबाट हुने काठजन्य सामग्रीको आयातलाई रोक्न सकिन्छ ।
- पहाडी क्षेत्रका बाँझो जमिनमा हर्रो, बर्रो, अमला, बेल तथा रिट्ठा जस्ता वनजन्य उत्पादनको व्यावसायिक खेती विस्तार मार्फत आयुर्वेदिक औषधिका लागि कच्चा पदार्थ उत्पादन गरी औषधिजन्य वस्तुको आन्तरिक उत्पादन बढाउन सकिने ।
- पहाडी क्षेत्रहरुका विविधतायुक्त वनस्पतिहरुले भरिपूर्ण वनक्षेत्रमा उत्पादन हुने वन पैदावरमा आधारित विभिन्न वस्तुहरु जस्तैः कागज, गम, रंगरोगन, फर्निचरका सामग्री, औषधी आदि उत्पादन गर्ने उद्योगधन्दाको विकास गरी रोजगारी सिर्जना र राजस्व वृदि गर्न सकिने ।
- प्रभावकारी ढंगले वनक्षेत्रको व्यवस्थापन, संरक्षण र सम्वर्द्धन गर्न सकेमा पर्यावरणलाई स्वस्थकर बनाई जलवायु परिवर्तत तथा विश्वयापी तापमान वृद्धिका कारण सिर्जना हुने प्रतिकुल असरहरु न्यूनीकरण र जंगली जनावरहरुको संरक्षण गरी रमणीय र विविधताले भरिपूर्ण वनक्षेत्रहरुमा पर्यटनको विकास गरी राज्यको आम्दानी समेत बढाउन सकिने ।

***सिँचाइ***

- प्रदेश सरकारको चालु आर्थिक वर्षको बजेटमा मध्यपहाडी जिल्लाका ६० स्थानीय तहमा संघ, प्रदेश, स्थानीयतह र विकास साझेदारहरुसँगको सहकार्यमा १ हजार रोपनीसम्म सिञ्चित क्षेत्रफल भएका साना सिँचाइ कार्यक्रमहरु सञ्चालन गर्न बजेटको व्यवस्था गरेकोले यस कार्यक्रमको कार्यान्वयन पश्चात मध्यपहाडी क्षेत्रको सिञ्चित क्षेत्रफल बढ्ने र कृषिजन्य उत्पादन वृद्धि हुनसक्ने ।
- हाल सुनसरी मोरङ सिँचाइ आयोजनाको नहर मार्फत सुनसरी र मोरङ जिल्लाको कुल ६८ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध हुँदै आएकोमा यी दुई जिल्लाको सबै खेतीयोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने गरी यस आयोजनाको क्षमता बढाउन सकेमा प्रदेशको कृषि उत्पादन वृद्धि गर्न सकिने ।

# परिच्छेद ४: उद्योग क्षेत्र


## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन र रोजगारी

### ४.१.१ उद्योगको क्षमता उपयोग

आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा यस प्रदेशका नमूना छनोटमा समेटिएका ४२ वटा उद्योगहरुको औसत क्षमता उपयोग ४०.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ४८.९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा विशेषगरी ईटा, वनस्पति घिउ तथा तेल, पशुदाना, सिमेन्ट, कच्चा छाला, सिन्थेटिक कपडा, प्लाष्टिकका सामान, फलामे छड आदि उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा कमी आएकाले उद्योगहरुको औसत क्षमता उपयोगमा समेत कमी आएको देखिन्छ । ईटा, सिमेन्ट र फलामे छड उत्पादन गर्ने उद्योगले घरजग्गा कारोबारमा आएको संकुचनका कारण मागमा आएको कमीले गर्दा उत्पादन कम भएको जनाएका छन् भने वनस्पति घिउ, भटमासको तेल, कच्चा छाला आदि उत्पादकले विदेशबाट ती सामानको मागमा कमी भएकोले सोही अनुसार उत्पादन घटाएको जनाएका छन् । कच्चा पद्धार्थ आपूर्तीमा असहजता, आर्थिक क्रियाकलापमा आएको संकुचन र खुल्ला सीमानाले गर्दा चोरी पैठारी भई आउने विदेशी पशुदानाको कारण बजार मागमा आएको कमी जस्ता कारणले पशुदानाको उत्पादन घटेको पाइएको छ ।

समीक्षा अवधिमा सबैभन्दा बढी क्षमता उपयोग गर्ने उद्योगहरु क्रमशः प्रशोधित चिया, चाउचाउ, तोरीको तेल र जुटका सामान उत्पादन गर्ने समूहका उद्योगहरु रहेका छन् भने कम क्षमता उपयोग गर्ने उद्योगहरु ईटा, वनस्पति घिउ, भटमासको तेल, कच्चा छाला उत्पादन गर्ने समूहका उद्योगहरु रहेका छन् । अन्य खाद्य पदार्थ अन्तर्गत पर्ने प्रशोधित चिया उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ८५.४ प्रतिशत रहेको छ भने ईटा उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम शुन्य प्रतिशत रहेको छ। औसतमा ५० प्रतिशत वा त्यो भन्दा बढी क्षमता उपयोग गर्ने उद्योग समूहहरु जम्मा १० ओटा रहेका छन् भने ५० प्रतिशत भन्दा कम क्षमता उपयोग गर्ने उद्योग समूहहरुको संख्या जम्मा १५ रहेको छ ।

**चार्ट ४.१ : उद्योगहरुको क्षमता उपयोगको अवस्था**





स्रोतः अध्ययन क्षेत्रका उद्योगहरु

### ४.१.२ उद्योगहरुको उत्पादन वृद्धिदरको अवस्था

आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा चिनीको उत्पादन गत अवधिको तुलनामा उच्च दरले वृद्धि भई २९७८.७ मे.टन. उत्पादन भएको छ । गत वर्षको सोही अवधिमा चिनीको उत्पादन १०२४.६ मे.टन.रहेको थियो। त्यसैगरी गत वर्षको सोही अवधिमा ४८९.५ मे.टन.उत्पादन रहेको चामलको उत्पादन समीक्षा अवधिमा ६८.४ प्रतिशतले वृद्धि भई ८२४.४ मे.टन.उत्पादन भएको छ। गत अवधिमा कच्चा पदार्थ (उखु) को उपलब्धतामा कमी भई चिनीको उत्पादन अत्यन्तै कम रहेको र समीक्षा अवधिमा उखुको उपलब्धता सहज भएको कारण चिनीको उत्पादन गत अवधिको तुलनामा उच्च देखिएको छ।

**चार्ट ४.२ : उद्योगको उत्पादन वृद्धिदरको अवस्था**




स्रोत :अध्ययन क्षेत्रका उद्योगहरु

आ.व.२०७८/७९ को पहिलो ६ महिनामा ३६ लाख थान उत्पादन रहेको ईंटा उद्योगको उत्पादनमा समीक्षा अवधिमा शत प्रतिशतले गिरावट आएको देखिन्छ। गतवर्ष उत्पादित ईटाको मौज्दात हालसम्म रहेको, समयमा कोइला आपूर्ती गर्न नसकेको र घरजग्गा कारोबारमा आएको संकुचनले गर्दा बजार माग समेत घटेको जस्ता कारणले नमूना उद्योगबाट ईटा उत्पादन नभएको देखिन्छ। त्यसैगरी अघिल्लो समीक्षा अवधिमा २२३०३ मे.टन.उत्पादन रहेको भटमासको तेलको उत्पादनमा चालु समीक्षा अवधिमा उच्च दरले गिरावट आई २४५५.२ मे.टन.र गत वर्ष १२,२५० मे.टन.उत्पादन रहेको पशुदाना उद्योगको उत्पादन समेतमा गिरावट आई ६,९०० मे.टन.रहेको छ। भट्मासको तेल, वनस्पति घिउ आदि भारतीय बजारको उत्पादनसँग मूल्यमा प्रतिस्पर्धा गर्न नसकेको कारण निर्यात नहुने अवस्था भएको हुँदा उत्पादनमा ह्रास आएको देखिन्छ। यसका साथै विदेशी मुद्राको सञ्चितिमा चाप परेकोले नेपाल सरकार र नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको पैठारी निरुत्साहन गर्ने नीतिका कारण वित्तीय बजारमा वित्तीय स्रोतको लागत बढ्न गई निर्माण क्षेत्रमा सुस्तता आएको, निर्माणजन्य गतिविधि कम भई निर्माण सामग्रीहरुको माग र उत्पादनमा कमी आएको देखिन्छ।

### ४.१.३ औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था

यस अध्ययनमा समेटिएका कोशी प्रदेशका ४२ ठूला उद्योगहरुमा गत आ.व.२०७८/७९ को पहिलो ६ महिनामा १६,४१४ जना श्रमिक कार्यरत रहेकोमा समीक्षा अवधिमा ती उद्योगहरुमा जम्मा १७,५५८ जना श्रमिक कार्यरत रहेका छन् जुन गत वर्षको सोही अवधिको तुलनामा ३.४ प्रतिशतले बढी रहेको छ ।

सुनसरी र मोरङ जिल्लाका उद्योगहरुमा क्रमशः ४.३ प्रतिशत र १२.८ प्रतिशतले रोजगारीमा वृद्धि भएको छ भने उदयपुर, झापा र इलाम जिल्लामा रहेका उद्योगहरुमा क्रमशः ७.२ प्रतिशत, २.४ प्रतिशत र २.१ प्रतिशतले रोजगारी घटेको छ । उदयपुर सिमेण्ट उद्योगमा पुराना मेसिन प्रतिस्थापन हुन नसकेको कारण उद्योगमा कार्यरत २३ जना ज्यालादारीका श्रमिकहरुले गत अवधिपछि रोजगारी गुमाएका छन् ।

**तालिका ४.१: जिल्लागत रुपमा औद्योगिक रोजगारीको अवस्था**

| जिल्लाको नाम | आ.ब. २०७८/७९ (साउन-पुस) | आ.ब. २०७९/८० (साउन-पुस) | परिवर्तन | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|
| मोरङ | ९२७९ | ९६८२ | ४०३ | ४.३ |
| सुनसरी | ६०८३ | ६८६४ | ७८१ | १२.८ |
| झापा | ५४४ | ५३१ | -१३ | -२.४ |
| उदयपुर | ३२० | २९७ | -२३ | -७.२ |
| इलाम | १८८ | १८४ | -४ | -२.१ |
| **जम्मा** | **१६४१४** | **१७५५८** | **११४४** | **७.०** |

स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु

समीक्षा अवधिमा औद्योगिक रोजगारीमा पुरुषको संख्या ७३.५ प्रतिशत र महिलाको संख्या २६.५ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रका उद्योगहरुमा कुल औद्योगिक रोजगारीको ९१.४ प्रतिशत श्रमिक स्वदेशी र ८.६ प्रतिशत श्रमिक विदेशी रहेका छन् । विशेष गरी फलामको छड, पत्ती तथा सामान, जुटका सामान, धागो र ईटा उद्योगहरुमा तुलनात्मक रुपमा अन्य उद्योगहरुमा भन्दा बढी अनुपातमा विदेशी कामदारहरुलाई रोजगारी प्रदान गरिएको देखिन्छ ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७९ असार मसान्तको तुलनामा २०७९ पुस मसान्तमा कोशी प्रदेशमा प्रवाहित कुल औद्योगिक कर्जा ५.५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २७ अर्ब पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त कर्जा रु.१ खर्ब २१ अर्ब रहेको थियो । विशेषगरी २०७९ असार मसान्तसम्म न्यून रहेको विद्युत, ग्याँस तथा पानी उत्पादन गर्ने उद्योग र धातु, मेसिनरी तथा इलेक्ट्रोनिक उद्योगमा प्रवाह भएको कर्जा बढेको हुँदा समग्र औद्योगिक कर्जा बढेको देखिन्छ । २०७९ असार मसान्तको तुलनामा २०७९ पुस मसान्तमा विद्युत, ग्याँस तथा पानी उत्पादन गर्ने उद्योगमा प्रवाहित कर्जा सबैभन्दा उच्च दरले वृद्धि भएको छ र यसको अंश कुल औद्योगिक लगानीको २.३ प्रतिशत रहेको छ भने खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा कम दरले वृद्धि भएको छ ।

औद्योगिक कर्जामध्ये सबैभन्दा ठूलो अंश गैरखाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगको ४९.६ प्रतिशत र सबैभन्दा कम अंश खानी सम्बन्धी उद्योगको १.२ प्रतिशत रहेको छ ।

**तालिका ४.२ : औद्योगिक कर्जाको क्षेत्रगत अवस्था**

| क्षेत्र | समीक्षा अवधिको अवस्था (रु. करोडमा) | | | २०७८ पुस मसान्तमा औद्योगिक कर्जाको अंश (प्रतिशत) | २०७९ पुस मसान्तमा औद्योगिक कर्जाको अंश (प्रतिशत) |
|---|---|---|---|---|---|
| | २०७९ असार मसान्त | २०७९ पुस मसान्त | प्रतिशत परिवर्तन | | |
| खानी सम्बन्धी | १५१.७ | १५३.२ | १.० | १.४ | १.२ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ३७९८.२ | ३९८७.८ | ५.० | २५.४ | ३१.२ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ६१५१.० | ६३३६.८ | ३.० | ४६.२ | ४९.६ |
| निर्माण | ११७५.३ | १२०८.५ | २.८ | २०.८ | ९.५ |
| विद्युत, ग्यास तथा पानी | ९१.४ | २९८.५ | २२६.६ | ०.७ | २.३ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | ७४६.२ | ८००.१ | ७.२ | ५.५ | ६.३ |
| **जम्मा** | **१२११३.८** | **१२७८४.८** | **५.५** | **१००.०** | **१००.०** |

स्रोतः नेपाल राष्ट्र बैंक

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

***चुनौतीहरु***

- यस प्रदेशमा अवस्थित उद्योगहरुलाई चाहिने दक्ष, अर्ध-दक्ष जनशक्ति स्वदेशी श्रम बजारबाट नै उपलब्ध हुनसक्ने सुनिश्चितता गर्नु ।
- देश संघीय संरचनामा गए पश्चात् उद्यमीले उत्पादित भएको वस्तुको उत्पत्तिको प्रमाणपत्र र ट्रेडमार्क जस्ता महत्वपूर्ण संसाधनको व्यवस्थापन गर्न समेत देशको केन्द्रीय राजधानी पुग्नु पर्ने बाध्यता रहेको अवस्थामा सो प्रक्रियालाई सरलीकृत गर्नु ।
- श्रम, पुँजी, प्रविधि, र भूमिको लागत तुलानात्मक रुपमा सीमावर्ती क्षेत्रहरुको भन्दा बढी भएकोले तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गरी नयाँ उद्योगहरुको स्थापना गर्नु ।
- नव प्रवेशी उद्यमीहरुको लागि शुरुवाती पुँजी (Start up Capital), न्यूनतम लागतको औद्योगिक कर्जा, उत्पादित औद्योगिक वस्तु र सेवाको चुस्त वितरण प्रणाली र बजार सुनिश्चितता प्रदान गर्दै स्वदेशी उत्पादनले गुणस्तर तथा मूल्यका आधारमा बहुराष्ट्रिय कम्पनीका वस्तु तथा सेवाहरुसँग प्रतिस्पर्धा गर्नसक्ने गरी औद्योगिक पूर्वाधारहरुको यथोचित विकास गर्नु ।
- स्थानीय उद्योगधन्दाबाट उत्पादित औद्योगिक वस्तु र सेवाको गुणस्तर परीक्षण गर्ने प्रणालीको विकास गरी स्वदेशी वस्तु र सेवा उपभोग गर्ने संस्कृतिको विकास गर्दै उपभोग प्रवृत्तिमा परिवर्तन ल्याउनु ।

- वित्तीय बजारमा व्याजदरमा परिवर्तन भइरहने कारणले औद्योगिक लागानीको वातावरण अनिश्चित बन्दै गइरहेको परिप्रेक्ष्यमा पुँजीको सीमान्त उत्पादन क्षमतासँग पुँजीको लागतलाई आवद्व गर्दै वित्तीय बजारमा हुने व्याजदर को जोखिमलाई न्युनिकरण गर्नु ।

***सम्भावनाहरु***

- कोशी प्रदेशको भूगोल भारत र चीन जस्ता दुई ठुला अर्थतन्त्र भएका देशहरुसँग सीमाना जोडिएको हुँदा उद्योगहरुको लागि आवश्यक पर्ने औद्योगिक कच्चा पदार्थ आयात गर्न तथा प्रशोधित तथा पूर्ण तयारी वस्तु तथा सेवा भारत र चीनतर्फ निर्यात गर्न सहजता भएको ।
- यस प्रदेशमा चिया क्षेत्र भनी घोषणा गरिएका जिल्लाहरुमा अर्गानिक चिया उत्पादन क्षेत्र छुट्याई आधुनिक ल्याब सहितको चिया परीक्षण प्रयोगशाला तथा प्रमाणिकरण कार्यालय स्थापना गरी साना किसान लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै त्यसरी उत्पादन हुने अर्गानिक चिया अन्तराष्ट्रिय मापदण्ड तथा माग बमोजिम प्रशोधन, ग्रेडिङ, ब्राण्डीङ गरी अन्तिम उपभोग्य वस्तुको रुपमा अन्तराष्ट्रिय बजारमा निर्यात गरी अधिक लाभ लिन सकिने ।
- आयातित वस्तु तथा सेवाका भन्सार/करको दरमा वृद्धि, स्थानीय उत्पादनको गुणस्तरमा सुधार, सहुलियत दरमा ऋण, विद्युत महसुलमा राहत तथा बजारको सुनिश्चितता प्रदान गरी साना तथा मझौला उद्योगको दिगो विकास गर्न र स्वदेशी उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता बढाउने नीतिगत व्यवस्था गरी रोजगारी सिर्जना तथा आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा सहयोग पुऱ्याउन सकिने ।
- प्रदेशमा औद्योगिक सिप विकास तथा तालिम केन्द्र, औद्योगिक प्रशिक्षार्थी केन्द्र जस्ता संस्थाहरु स्थापना गरी दक्ष, अर्ध-दक्ष जनशक्तिको उत्पादन गरी प्रतिस्पर्धी क्षमताको विकास गर्न सकिने र श्रमका लागि विदेश जाने प्रवृत्तिमा कमी ल्याई उत्पादनको लागतमा कमी ल्याउन सकिने ।
- यस क्षेत्रमा अवस्थित लघु, घरेलु तथा साना उद्योगहरुले उत्पादन गर्ने वस्तुहरु यसै क्षेत्रका मझौला तथा ठुला उद्योगहरुले प्रयोग गर्ने मध्यस्थ वस्तुको रुपमा विकास गरी यी उद्योगहरुबीच अग्र र पृष्ठ सम्वन्ध कायम गर्न सकिने ।
- उद्योगहरुले आफ्नो उत्पादन देश भित्रै विदेशी मुद्रा आर्जन हुने गरी विक्री गर्ने (Deemed Export) वा देश वाहिर निकासी गरेवापत पाउने (Duty Drawback) सुविधा हाल निवेदन परेको मितिले ४५ दिनभित्र दिने व्यवस्था रहेकोमा यसलाई कारोवार भएकै समयमा (Real time settlement) फरफारक हुने व्यवस्था गर्न सकेमा औद्योगिक लगानीमा वृद्धि हुनसक्ने ।

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

### ५.१.१ होटल तथा लज

- कोभिड-१९ को महामारीपछि वाह्य पर्यटकको आगमन बढ्दा होटल व्यवसाय लयमा फर्किंदै गएको छ। महामारी अवधिभर संकटग्रस्त रहेको पर्यटकस्तरीय होटल व्यवसायको कारोवार समीक्षा अवधिमा विस्तार/वृद्धि हुने क्रममा रहेको छ।
- समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा छनोट भएका होटलको शैया संख्या ०.६ प्रतिशतले घटेको छ। होटलहरुले पर्यटकलाई स्तरीय सेवा प्रदान गर्न आफ्नो केही शैया रहेको स्थानलाई भण्डारण कक्षको रुपमा प्रयोगमा ल्याएकाले शैया संख्या घटेको देखिन्छ।
- समीक्षा अवधिमा कोशी प्रदेशमा रहेका होटलहरुको औसत अकुपेन्सी दर ३९.२ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो अकुपेन्सी दर ३१.८ प्रतिशत रहेको थियो।
- समीक्षा अवधिमा यस प्रदेशमा वाह्य पर्यटक आगमन संख्या २३.९ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा यस्तो संख्या १९१.३ प्रतिशतले बढेको थियो। कोरोना महामारीको प्रभाव कम भएसँगै विदेशी पर्यटकलाई आकर्षित गर्नका लागि अनअराइभल भिसामा दिएको छुट तथा अन्य सुविधाका कारण पर्यटकको आगमनमा वृद्धि भएको देखिन्छ।
- समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भारतबाट आउने पर्यटकको संख्या २३.६ प्रतिशत र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या ५८.८ प्रतिशतले बढेको छ भने चीनबाट आउने पर्यटकको संख्या ३८.१ प्रतिशतले घटेको छ। विगतका वर्षहरुमा रुद्राक्ष खरिद गर्न चिनियाँ पर्यटक आउने गरेको तर कोभिडको प्रभावको कारण चीन सरकारले यात्रा प्रतिबन्ध गरेकाले समीक्षा अवधिमा चिनियाँ पर्यटक आगमन घटेको देखिन्छ।
- समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा पर्यटकस्तरीय होटल व्यवसायमा थप ३.६ प्रतिशतले रोजगारी प्राप्त गरेका छन्। गत वर्षको सोही अवधिमा ४४.८ प्रतिशतले रोजगारीमा वृद्धि भएको थियो। हाल कोशी प्रदेशमा ३ वटा पाँच तारे होटलहरु संचालनमा रहेका छन्।
  *(लगानी, सुविधा र सेवाको स्तरका आधारमा नमूना छनोट गरिएका कोशी प्रदेशका १० वटा पर्यटकस्तरीय होटल {होटल होलिडे होम (झापा), ह्यारिसन होटल (विराटनगर), बिग होटल (विराटनगर), होटल एसियाटिक (विराटनगर), होराइजन रिसोर्ट (हिले), रत्ना होटल (विराटनगर), समिट होटल (इलाम), होटल एभरेष्ट भ्यु (सोलुखुम्बु) र होटल मानस्वी (पाँचथर) बाट प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा विश्लेषण गरिएको।)*

### ५.१.२ हवाई सेवा

समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कोशी प्रदेशमा समग्र जहाज उडान संख्या ५५.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त संख्या १२५.९ प्रतिशतले बढेको थियो। त्यसैगरी, समीक्षा अवधिमा यस प्रदेशका विमानस्थलबाट उडान भर्ने यात्रुको संख्या ८.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यात्रु संख्या १६३.६ प्रतिशतले बढेको थियो। कोभिड-१९ को प्रभाव न्यूनीकरण भएसँगै व्यावसायिक गतिविधि तथा जनजीवन सामान्य हुँदैगएको र बसभन्दा हवाई जहाजमा नै यात्रा गर्न रुचाउने यात्रुको संख्यामा वृद्धि भइरहेकोले यस प्रदेशमा जहाज उडान गर्ने कम्पनीको संख्या, उडान संख्या तथा यात्रु संख्या बढेको देखिन्छ।

**तालिका ५.१ : कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था**

| विवरण | अवधि | | | वृद्धिदर (प्रतिशत परिवर्तन) | |
|---|---|---|---|---|---|
| | आ.व. २०७७/७८ (साउन-पुस) | आ.व. २०७८/७९ (साउन-पुस) | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०७८/७९ (साउन-पुस) | आ.व. २०७९/८० (साउन-पुस) |
| **हवाई जहाजको उडान संख्या** | | | | | |
| आगमन संख्या | ३७८६ | ८५४६ | १३२६४ | १२५.७ | ५५.२ |
| निर्गमन संख्या | ३७८२ | ८५४७ | १३२६६ | १२६.० | ५५.२ |
| **जम्मा जहाज उडान संख्या** | **७५६८** | **१७०९३** | **२६५३०** | **१२५.९** | **५५.२** |
| **यात्रु संख्या** | | | | | |
| आगमन संख्या | ८७७५८ | २२८४९१ | २९१९८९ | १६०.४ | २७.८ |
| निर्गमन संख्या | १२४६९४ | ३३१५५९ | ३१४४३९ | १६५.९ | -५.२ |
| **समग्र यात्रु संख्या** | **२१२४५२** | **५६००५०** | **६०६४२८** | **१६३.६** | **८.३** |

*स्रोतः नेपाल नागरिक उड्ड्यन प्राधिकरण*


*(यस प्रदेशका नियमित हवाई उडान हुने र धेरै यात्रु आवतजावत गर्ने ४ वटा विमानस्थलः विराटनगर विमानस्थल, भद्रपुर विमानस्थल, फाप्लु विमानस्थल र लुक्ला विमानस्थललाई नमूना छनोट गरी प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा विश्लेषण गरिएको ।)*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा घरजग्गा रजिष्ट्रेसन संख्या ५५.६ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो संख्या ५.९ प्रतिशतले बढेको थियो। आ.व. २०७९/८० को पहिलो ६ महिनामा गत वर्षको सोही अवधिको तुलनामा घरजग्गा रजिष्ट्रेसन वापतको राजस्वमा ५५.० प्रतिशतले ह्रास आई रु.१ अर्ब ३ करोड राजस्व परिचालन भएको छ। गत वर्षको सोही अवधिमा यस्तो राजस्व ४०.२ प्रतिशतले वृद्धि भई रु.२ अर्ब २८ करोड राजस्व परिचालन भएको थियो। समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या १०.३ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो संख्या १३.१ प्रतिशतले घटेको थियो।

समीक्षा अवधिमा सरकारले भू-उपयोग नियमावली २०७९ जारी गरी जग्गाको वर्गीकरण गरेर मात्र कित्ताकाट गर्नुपर्ने व्यवस्था लागु गरेपश्चात् ठूला क्षेत्रफलका जग्गाहरुको वर्गीकरण र कित्ताकाटमा लागेको बन्देजका कारण घरजग्गा कारोवारमा कमी आउनुका साथै बैंकिङ क्षेत्रमा लगानीयोग्य पुँजीको कमीका कारण आर्थिक गतिविधिमा प्रभाव पर्दा समग्र मागमा कमी आई घरजग्गा कारोवारमा प्रभाव परेकाले घरजग्गा रजिष्ट्रेसन संख्या र राजस्व रकम दुवै उल्लेख्य रुपमा घटेको देखिन्छ।

**चार्ट ५.१ : घरजग्गा कारोवारको अवस्था**




*स्रोतः अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका*

## ५.३ वित्तीय सेवा


### ५.३.१ बैंक तथा वित्तीय संस्थाका शाखा संख्या

२०७९ असार मसान्तको तुलनामा २०७९ पुस मसान्त सम्ममा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका थप ९ शाखा विस्तार भएका छन् । समीक्षा अवधि सम्ममा प्रदेशमा वाणिज्य बैंकका ७६९, विकास बैंकका १९४, वित्त कम्पनीका ३४ तथा लघुवित्त वित्तीय संस्थाका ८६९ गरी जम्मा १,८६६ शाखाहरु रहेका छन् । यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी ४५४ शाखा र ताप्लेजुङमा सबैभन्दा कम ३९ शाखा रहेका छन् । २०७९ असार मसान्तसम्म कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाका कुल १८५७ शाखाहरु रहेका थिए ।

**तालिका ५.२ कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**

| वर्ग | २०७९ असार मसान्त | २०७९ पुस मसान्त |
|---|---|---|
| वाणिज्य बैंक ('क' वर्ग) | ७६३ | ७६९ |
| विकास बैंक ('ख' वर्ग) | १९४ | १९४ |
| वित्त कम्पनी ('ग' वर्ग) | ३२ | ३४ |
| लघुवित्त वित्तीय संस्था ('घ' वर्ग) | ८६८ | ८६९ |
| **जम्मा** | **१८५७** | **१८६६** |

*स्रोत : नेपाल राष्ट्र बैंक*




*स्रोत : नेपाल राष्ट्र बैंक*

### ५.३.२ निक्षेप तथा कर्जा स्थिति

२०७९ असार मसान्तको तुलनामा २०७९ पुस मसान्तमा कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन ०.७ प्रतिशतले ह्रास भई रु.३ खर्ब ६४ अर्ब पुगेको छ। २०७९ पुस मसान्तमा वार्षिक विन्दुगत आधारमा कुल निक्षेपको वृद्धिदर ३.७ प्रतिशत रहेको छ। पछिल्लो समय निक्षेपमा दिने व्याजदर, रेमिट्यान्स आप्रवाह, विद्युतीय कारोवारमा भएको वृद्धि, तथा बैंकिङ सेवा विस्तार भएकाले निक्षेप परिचालन बढेको देखिन्छ। २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २.० प्रतिशतले वृद्धि भई रु.५ खर्ब ५६ अर्ब

पुगेको छ। २०७९ असार मसान्तको तुलनामा २०७९ पुस मसान्तमा कुल कर्जामा २.२ प्रतिशतले वृद्धि भएको छ। २०७९ पुस मसान्तसम्म प्रवाहित कुल कर्जामध्ये कृषि कर्जाको हिस्सा १०.४ प्रतिशत, औद्योगिक कर्जाको हिस्सा २३.० प्रतिशत र सेवा क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा ६६.६ प्रतिशत रहेको छ। २०७९ पुस मसान्तमा यस प्रदेशमा कर्जा निक्षेप अनुपात (CD Ratio) १५२.७ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त अनुपात १५५.२ प्रतिशत रहेको थियो।

**तालिका ५.३ : क्षेत्रगत कर्जाको अंश (प्रतिशत)**

| विवरण | २०७८ पुस | २०७९ असार | २०७९ पुस |
|---|---|---|---|
| कुल कृषि कर्जा | ९.६ | १०.० | १०.४ |
| कुल औद्योगिक कर्जा | २६.५ | २२.३ | २३.० |
| कुल सेवा कर्जा | ६४.० | ६७.७ | ६६.६ |

स्रोतः नेपाल राष्ट्र बैंक

**तालिका ५.४ कोशी प्रदेशमा निक्षेप र कर्जाको जिल्लागत हिस्सा**

| जिल्ला | निक्षेप २०७९ | | | | कर्जा २०७९ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | असार मसान्तसम्म | पुस मसान्तसम्म | बृद्धिदर प्रतिशत | जिल्लागत हिस्सा | असार मसान्तसम्म | पुस मसान्तसम्म | बृद्धिदर प्रतिशत | जिल्लागत हिस्सा |
| **ताप्लेजुङ** | ५६०६.२ | ५४३३.१ | –३.१ | १.५ | २६०५.४ | २८८१.० | १०.६ | ०.५ |
| **संखुवासभा** | ६१९९.७ | ७०१६.५ | १३.२ | १.९ | ६२३३.५ | ६०१५.६ | –३.५ | १.१ |
| **सोलुखुम्बु** | ७०४५.५ | ७३००.९ | ३.६ | २.० | ३२८४.७ | ३१२५.८ | –४.८ | ०.६ |
| **ओखलढुङ्गा** | ५५०९.२ | ४५९५.६ | –१६.६ | १.३ | ५०८१.० | ५७९५.४ | १४.१ | १.० |
| **खोटाङ** | ६२०१.४ | ६०१५.६ | –३.० | १.७ | ३०१५.० | २९११.८ | –३.४ | ०.५ |
| **भोजपुर** | ४८१७.६ | ४५८४.२ | –४.८ | १.३ | ३६२५.५ | ६२९८.२ | ७३.७ | १.१ |
| **धनकुटा** | ८९९८.७ | ९१६४.४ | १.८ | २.५ | ६८३४.६ | ६६१६.५ | –३.२ | १.२ |
| **तेह्रथुम** | ४७९६.४ | ४४५४.२ | –७.१ | १.२ | २८७३.२ | ३००५.२ | ४.६ | ०.५ |
| **पाँचथर** | ६९०३.२ | ६३०६.३ | –८.६ | १.७ | ४८७६.३ | ७९०९.१ | ६२.२ | १.४ |
| **इलाम** | १४४३०.१ | १४२८३.६ | –१.० | ३.९ | १०५४९.६ | ११०८३.४ | ५.१ | २.० |
| **झापा** | ७८०६४.२ | ८०४०१.३ | ३.० | २२.१ | १२९३४३.९ | १२९३१३.५ | ०.० | २३.३ |
| **मोरङ** | ११६८२१.९ | ११६५१७.३ | –०.३ | ३२.० | २२८५८६.८ | २२८५५३.९ | ०.० | ४१.१ |
| **सुनसरी** | ८८३१८.० | ८५६०९.६ | –३.१ | २३.५ | १२०९१७.२ | १२६१२२.९ | ४.३ | २२.७ |
| **उदयपुर** | १२९७२.८ | १२४९७.७ | –३.७ | ३.४ | १६१६९.० | १६४१५.५ | १.५ | ३.० |
| **जम्मा** | **३६६६८४.९** | **३६४१८०.५** | **–०.७** | **१००.०** | **५४३९९५.७** | **५५६०४७.९** | **२.२** | **१००.०** |

स्रोतः नेपाल राष्ट्र बैंक

### ५.३.३ अन्य वित्तीय विवरण

२०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ७.८ प्रतिशत, बचत निक्षेपको अंश ३९.३ प्रतिशत, मुद्दती निक्षेपको अंश ४७.१ प्रतिशत र अन्य निक्षेपको अंश ५.८ प्रतिशत रहेको छ। २०७९ असार मसान्तमा कुल निक्षेपमा चल्ती निक्षेपको अंश ९.५ प्रतिशत, बचत निक्षेपको अंश ४१.५ प्रतिशत, मुद्दती निक्षेपको अंश ४२.३ प्रतिशत र अन्य निक्षेपको अंश ६.७ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा चल्ती निक्षेप, बचत निक्षेप र अन्य निक्षेपको रकम क्रमशः १८.४ प्रतिशत, ५.९ प्रतिशत र १४.७ प्रतिशतले घटेको छ भने मुद्दती निक्षेपको रकम १०.६ प्रतिशत बढेको छ। मुद्दती निक्षेपको व्याजदर मुद्रास्फीतिसँग धनात्मक रहेकोले बचत तथा अन्य निक्षेपको रकम मुद्दती खातामा जम्मा गरेकाले मुद्दती निक्षेपको रकम वृद्धि भएको हो।

| तालिका ५.५ कुल निक्षेपमा चल्ती, बचत तथा मुद्दती निक्षेपको संरचना (रु. दश लाखमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | गत अवधि | | समीक्षा अवधि | | बृद्धिदर प्रतिशत | | कुल निक्षेपमा योदान २०७९ पुस |
| | २०७८ असार मसान्तसम्म | २०७८ पुस मसान्तसम्म | २०७९ असार मसान्तसम्म | २०७९ पुस मसान्तसम्म | गत अवधि | समीक्षा अवधि | |
| **कुल निक्षेप** | **३४६५००.८** | **३५१२०१.९** | **३६६६८४.९** | **३६४१८०.५** | १.४ | -०.७ | १००.० |
| चल्ती | ३७२७०.५ | ३०३७७.१ | ३४८७२.७ | २८४५५.७ | -१८.५ | -१८.४ | ७.८ |
| बचत | १७१९२२.२ | १६०३७७.० | १५२००३.० | १४३०५९.१ | -६.७ | -५.९ | ३९.३ |
| मुद्दती | ११०४७१.४ | १३९३३४.६ | १५५२०१.१ | १७१६७५.१ | २६.१ | १०.६ | ४७.१ |
| अन्य | २६८३६.७ | २१११३.३ | २४६०८.२ | २०९९०.६ | -२१.३ | -१४.७ | ५.८ |

स्रोतः नेपाल राष्ट्र बैंक

यस प्रदेशमा २०७९ असार मसान्तको तुलनामा २०७९ पुस मसान्तमा निक्षेपकर्ताको संख्या ४.७ प्रतिशतले वृद्धि भई ६३ लाख २८ हजार पुगेको छ भने ऋणीहरुको संख्या ५.६ प्रतिशतले कमि भई २ लाख ९१ हजार पुगेको छ। आ.व. २०७९/८० को मौद्रिक नीति तथा त्रैमासिक तथा अर्ध-वार्षिक अवधिमा भएका संशोधनमार्फत अनुत्पादक र विलासिताका क्षेत्रमा प्रवाहित हुने कर्जा प्रवाहमा कडाई गरिएकाले ऋणीहरुको संख्यामा कमी आएको देखिन्छ।

| तालिका ५.६ : कुल कर्जाको तुलनामा हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|
| विवरण | २०७८ पुस | २०७८ असार | २०७९ पुस |
| विपन्न वर्ग कर्जा | ८.८ | ८.७ | ८.१ |
| पुनरकर्जा | २.८ | २.४ | ०.०* |
| सहुलियतपूर्ण कर्जा | ५.९ | ६.६ | ६.० |

स्रोतः नेपाल राष्ट्र बैंक *तथ्याङ्क प्राप्त नभएकोले*

२०७८ पुस मसान्तमा निक्षेपकर्ताको संख्या ५४ लाख ९५ हजार र ऋणीहरुको संख्या २ लाख ७५ हजार रहेको थियो। २०७९ असार मसान्तको तुलनामा २०७९ पुस मसान्तसम्म विपन्न वर्ग कर्जा ४.१ प्रतिशतले कमि भई रु.४५ अर्ब १८ करोड पुगेको छ। २०७८ पुस मसान्तमा उक्त कर्जा रु.४७ अर्ब ७३ करोड रहेको थियो। २०७९ पुस मसान्तसम्म कुल कर्जाको तुलनामा विपन्न वर्ग कर्जाको हिस्सा ८.१ प्रतिशत रहेको छ। २०७९ असार मसान्तको तुलनामा २०७९ पुस मसान्तमा सहुलियतपूर्ण कर्जा ७.६ प्रतिशतले घटेर रु.३३ अर्ब २७ करोड पुगेको छ। २०७८ पुस मसान्तमा उक्त कर्जा रु.३२ अर्ब ९ करोड रहेको थियो। २०७९ पुस मसान्तमा कुल कर्जामा सहुलियतपूर्ण कर्जाको हिस्सा ६.० प्रतिशत रहेको छ।

| तालिका ५.७ : कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण (रु.दश लाखमा) | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | सहुलियतपूर्ण कर्जाको प्रकार | २०७९ असार मसान्त | २०७९ पुस मसान्त | वृद्धिदर (प्रतिशत) | हिस्सा २०७९ पुस मसान्त |
| १ | कपडा उद्योग सञ्चालनका लागि कर्जा | १०९.९ | ६०.७ | -४४.८ | ०.२ |
| २ | CTEVT बाट मान्यता प्राप्त संस्थाबाट दिइने तालिम | ०.२ | - | -१००.० | ०.० |
| ३ | दलित समुदाय व्यवसाय विकास कर्जा | ६३.७ | ५५.२ | -१३.४ | ०.२ |
| ४ | भुकम्प प्रभावित निजी आवास निर्माण कर्जा | ५.० | ३.३ | -३३.४ | ०.० |
| ५ | शिक्षित युवा स्वरोजगार कर्जा | ४.० | ४.० | -१.४ | ०.० |
| ६ | विदेशवाट फर्कका युवा परियोजना कर्जा | १२०.७ | ९६.७ | -१९.९ | ०.३ |
| ७ | उच्च र प्राविधिक/व्यावसायिकशैक्षिक कर्जा | १.६ | १.७ | ८.२ | ०.० |
| ८ | व्यावसायिककृषि तथा पशुपन्छी कर्जा | २३,३२०.३ | २२,२२१.४ | -४.७ | ६६.८ |
| ९ | महिला उद्यमशील कर्जा | १२,३९४.४ | १०,८२८.५ | -१२.६ | ३२.५ |
| १० | युवावर्ग स्वरोजगार कर्जा | - | - | ०.० | ०.० |
| | **जम्मा** | **३६,०१९.९** | **३३,२७१.४** | **-७.६** | १००.० |

स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)

२०७९ पुस मसान्तमा कोशी प्रदेशमा कुल ए.टि.एम संख्या ५९६ पुगेको छ । यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी १६१ वटा ए.टि.एम रहेका छन् भने खोटाङ जिल्लामा सबैभन्दा कम ६ वटा ए.टि.एम रहेका छन् ।

**तालिका ५.८ कोशी प्रदेशमा निक्षेपकर्ता, ऋणी, बैंक शाखा र ए.टि.एम.को संख्याको जिल्लागत विवरण (२०७९ पुस मसान्तसम्म)**

| जिल्ला | निक्षेपकर्ताको संख्या | ऋणीहरुको संख्या | बैंक शाखा संख्या | ए.टि.एम संख्या |
|---|---|---|---|---|
| ताप्लेजुङ | ११९७११ | २९१७ | ३९ | १० |
| संखुवासभा | १५०२२८ | ५९२५ | ५७ | १३ |
| सोलुखुम्बु | १२६४७० | ३१७५ | ४० | १७ |
| ओखलढुङ्गा | १५१५५३ | ६३९१ | ५५ | ८ |
| खोटाङ | १५६१८६ | ५०२९ | ४७ | ६ |
| भोजपुर | १३८७४८ | ५७३४ | ५४ | ९ |
| धनकुटा | १९३६१५ | ७५६७ | ८१ | १६ |
| तेह्रथुम | १०६७६४ | ४८७२ | ४८ | १० |
| पाँचथर | १५६१८६ | ६७९४ | ६९ | १४ |
| इलाम | ३१८७३४ | १२३५१ | १०१ | २७ |
| झापा | १४४५४६८ | ६३०७७ | ३६२ | १३७ |
| मोरङ | १५९७६५३ | ८५०२७ | ४५४ | १६१ |
| सुनसरी | १३४९८५५ | ६७८७३ | ३४३ | १३५ |
| उदयपुर | ३१७६९० | १४७१६ | ११६ | ३३ |
| **जम्मा** | **६३२८८६१** | **२९१४४८** | **१८६६** | **५९६** |

स्रोत : नेपाल राष्ट्र बैंक

### ५.३.४ फण्ड ट्रान्सफर

आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा कोशी प्रदेशका १४ जिल्लामा रहेका १५ वटा नोटकोषमध्ये खोटाङ र उदयपुर जिल्लामा रहेका २ वटा नोटकोषमा जनकपुर कार्यालयबाट रु.१ अर्ब ९० करोड फण्ड ट्रान्सफर भएको, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा रहेका २ वटा नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट फण्ड ट्रान्सफर हुने गरेकोमा समीक्षा अवधिमा कुनै पनि फण्ड ट्रान्सफर नभएको तथा मोरङ जिल्ला बाहेकका अन्य ९ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर) मा रहेका ११ वटा नोटकोषमा विराटनगर कार्यालयबाट रु.९ अर्ब ७ करोड गरी कुल रु.१० अर्ब ९७ करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषमा मुद्रा व्यवस्थापन विभाग, जनकपुर कार्यालय र यस कार्यालयबाट गरी कुल रु.१० अर्ब ३९ करोड बराबरको फण्ड ट्रान्सफर भएको थियो ।

**तालिका ५.९ : नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको जिल्लागत विवरण**

| जिल्ला | नोटकोष ढुकुटीको स्वीकृत मौज्दात सीमा (रु.करोडमा) | | प्रतिशत परिवर्तन | फण्ड ट्रन्सफर (रु.करोडमा) | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| | गत अवधि | समीक्षा अवधि | | गत अवधि | समीक्षा अवधि | |
| | आ.व. २०७८/७९ (साउन-पुस) | आ.व. २०७९/८० (साउन-पुस) | | आ.व. २०७८/७९ (साउन-पुस) | आ.व. २०७९/८० (साउन-पुस) | |
| **ताप्लेजुङ** | ४०.० | ४०.० | ०.० | २३.० | ०.० | -१००.० |
| **ओखलढुङ्गा** | ३५.० | ३५.० | ०.० | ३५.० | ०.० | -१००.० |
| **इलाम** | ५५.० | ५५.० | ०.० | ११०.० | ०.० | -१००.० |
| **धनकुटा** | ५०.० | ५०.० | ०.० | ३०.० | २३.० | -२३.३ |
| **भोजपुर** | ४०.० | ४०.० | ०.० | ४०.० | ३२.० | -२०.० |
| **झापा** | १२५.० | १३०.० | ४.० | ३६५.० | ३६०.० | -१.४ |
| **सोलुखुम्बु** | ५०.० | ५०.० | ०.० | ०.० | ०.० | ०.० |
| **खोटाङ** | ३०.० | ३०.० | ०.० | ०.० | ३०.० | ०.० |
| **तेह्रथुम** | ४०.० | ४०.० | ०.० | ०.० | ३२.० | ०.० |
| **मोरङ** | - | - | - | - | - | - |
| **उदयपुर** | ४०.० | ५५.० | ३७.५ | १५०.० | १६०.० | ६.७ |
| **पाँचथर** | ४०.० | ४०.० | ०.० | ७१.० | ७६.० | ७.० |
| **संखुवासभा** | ४०.० | ४०.० | ०.० | ११०.० | १३९.० | २६.४ |
| **सुनसरी** | १२०.० | ११०.० | -८.३ | १०५.० | २४५.० | १३३.३ |
| **जम्मा** | **७०५.०** | **७१५.०** | **१.४** | **१०३९.०** | **१०९७.०** | **५.६** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

### ५.३.५ विदेशी विनिमय

२०७९ पुस मसान्तसम्म कोशी प्रदेशमा नेपाल राष्ट्र बैंकबाट ६२ मनिचेञ्जर, ४ होटल, १ ट्रेकिङ्ग एजेन्सी र १ अन्य गरी ६८ एजेन्सीहरुले विदेशी मुद्रा सटहीको इजाजतपत्र प्राप्त गरेका छन् । आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा यस कार्यालयले रु.१३ करोड ७० लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरीद गरेको छ जसमध्ये रु.७ करोड बराबरको अमेरिकी डलर, रु.१ करोड बराबरको युरो र रु.५ करोड ७० लाख बराबरको अन्य विदेशी मुद्रा रहेका छन् । समीक्षा अवधिमा यस कार्यालयले गत वर्षको सोही अवधिको तुलनामा १.९ प्रतिशत कम विदेशी मुद्रा खरिद गरेको छ ।

समीक्षा अवधिमा अमेरिकी डलरको खरिद २.४ प्रतिशत र युरो खरिद २३.८ प्रतिशतले घटेको छ भने अन्य मुद्राको खरिद ४.० प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस बैंकले रु.१३ करोड ९० लाख बराबरको विदेशी मुद्रा खरिद गरेको थियो । समीक्षा अवधिमा खासगरी विदेशी पर्यटकको आवागमनमा कमी आएकोले अमेरिकी र युरो खरिद घटेको छ भने अन्य मुद्राको हकमा कोभिडको प्रभाव न्यूनीकरण भएसँगै वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या वृद्धि भएको र घर फर्किएका नेपाली कामदारले साथमा बोकेर ल्याएको अन्य विदेशी मुद्रा सटही भएको कारण अन्य विदेशी मुद्रा खरिद वृद्धि भएको देखिन्छ ।

**तालिका ५.१० : नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा खरिद गरेको परिवर्त्य विदेशी मुद्राको विवरण (रु.करोडमा)**


| विवरण | दुई वर्ष अघि | गत अवधि | समीक्षा अवधि |
|---|---|---|---|
| | आ.व. २०७७/७८ (साउन-पुस) | आ.व. २०७८/७९ (साउन-पुस) | आ.व. २०७९/८० (साउन-पुस) |
| **अमेरिकी डलर** | १०.० | ७.१ | ७.० |
| **युरो** | १.० | १.३ | १.० |
| **अन्य** | ५.६ | ५.५ | ५.७ |
| **जम्मा** | **१६.६** | **१३.९** | **१३.७** |

स्रोत: नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय

## ५.४ यातायात

२०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या २.५ प्रतिशतले वृद्धि भई ७ लाख ६४ हजार ५ सय पुगेको छ । जसमध्ये मोटरसाईकलको संख्या २.४ प्रतिशतले वृद्धि भई ६ लाख ३३ हजार ७ सय र अन्य सवारी साधनको संख्या २.८ प्रतिशतले वृद्धि भई १ लाख ३० हजार ८ सय पुगेको छ ।
२०७९ पुस मसान्तसम्म यस प्रदेशका १४ वटा जिल्लाहरुमध्ये सुनसरी, मोरङ, झापा, इलाम, उदयपुर, धनकुटा र ओखलढुङ्गा गरी ७ जिल्लाहरुबाट सवारी साधन दर्ता हुने कार्य हुँदै आएको छ । दर्ता भएका सवारी साधनमध्ये सबैभन्दा बढी ७४.० प्रतिशत सवारी साधन सुनसरी जिल्लामा दर्ता भएको देखिन्छ ।

**चार्ट ५.३ : यातायातका साधनको संख्या**




स्रोत: यातायात व्यवस्था कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय

## ५.५ सेवा क्षेत्र कर्जा

२०७९ असारमसान्तको तुलनामा २०७९ पुस मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ०.५ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ७० अर्ब पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २३.१ प्रतिशत बढेको थियो । समीक्षा अवधिमा कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ६६.६ प्रतिशत रहेको छ ।

२०७९ पुस मसान्तसम्म कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा व्यापार शीर्षकमा सबैभन्दा बढी ३५.८ प्रतिशत र अन्य सेवा शीर्षकमा सबैभन्दा कम ०.९ प्रतिशत कर्जा प्रवाह भएको छ । सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी कर्जा सबैभन्दा बढी २०.८ प्रतिशतले वृद्धि भएको छ भने अन्य कर्जा सबैभन्दा बढी २७.४

प्रतिशतले घटेको छ । कोभिड-१९ को महामारी पश्चात् प्रदेशभित्र अस्पताल तथा स्वास्थ्य संस्थाहरुले आफ्नो सेवा प्रवाह क्षमता विस्तारमा लगानी बढाएकोले स्वास्थ्य र अन्य सामाजिक कार्यमा प्रवाहित कर्जा बढेको हो ।

**तालिका ५.११ : नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा प्रवाह गरेको सेवा क्षेत्र कर्जाको विवरण**

| विवरण | सेवा क्षेत्र कर्जा (रु.करोडमा) | | बृद्धिदर | कुल सेवा कर्जामा हिस्सा २०७९ पुस मसान्त |
|---|---|---|---|---|
| | २०७९ असार मसान्तसम्म | २०७९ पुस मसान्तसम्म | प्रतिशतमा | |
| यातायात, भण्डारण र संचार | ८६१.३ | ८७९.० | २.१ | २.४ |
| थोक तथा खुद्रा विक्रेता | १२८९३.४ | १३२४४.८ | २.७ | ३५.८ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | २२७९.९ | २११७.३ | -७.१ | ५.७ |
| पर्यटन | ११६९.६ | १२६७.७ | ८.४ | ३.४ |
| अन्य सेवा | ३४४.६ | ३१६.७ | -८.१ | ०.९ |
| स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी | ३९७.५ | ४८०.१ | २०.८ | १.३ |
| शिक्षा | ९४६.५ | ९४०.४ | -०.७ | २.५ |
| रियल स्टेट | १२८०.८ | ११३७.९ | -११.२ | ३.१ |
| उपभोग्य कर्जा | १०५३८.९ | १२१९९.० | १५.८ | ३२.९ |
| अन्य | ६१२०.९ | ४४४४.९ | -२७.४ | १२.० |
| **जम्मा** | **३६८३३.५** | **३७०२७.९** | **०.५** | **१००.०** |


स्रोतः नेपाल राष्ट्र बैंक

## ५.६ सहकारी क्षेत्र

- २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तमा सहकारी संस्थाको कुल पुँजी ६.३ प्रतिशतले बढेको छ । २०७८ पुस मसान्तमा सहकारी संस्थाको पुँजी २२.४ प्रतिशतले वृद्धि भएको थियो ।
- २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तमा सहकारीको कुल बचत ६०.९ प्रतिशत र कुल कर्जा ३.८ प्रतिशतले बढेको छ । २०७८ पुस मसान्तमा सहकारीको बचत २४.८ प्रतिशत र कर्जा ५०.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा सहकारी संस्थाहरुको वचतको व्याज बढेको कारण वचतमा वृद्धि भएको देखिएको छ भने घरजग्गा कारोबार लगायत अन्य आर्थिक गतिविधिमा आएको संकुचनले गर्दा लगानीको क्षेत्रहरु विस्तार हुन नसक्दा कर्जाको व्याजमा समेत वृद्धि भएसँगै कर्जाको मागमा खासै वृद्धि नभएको पाइएको छ ।
- २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तमा सहकारी संस्थाको सदस्य संख्या ११.७ प्रतिशत र कर्मचारी संख्या १८.१ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा २०७८ पुस मसान्तमा सहकारी संस्थाको सदस्य संख्या १७.३ प्रतिशत र कर्मचारी संख्या २३.२ प्रतिशतले बढेको थियो ।
- सहकारी संस्थामा बैंक तथा वित्तीय संस्थाको तुलनामा निक्षेपमा बढी व्याज पाइने, कर्जा लिने प्रक्रिया छोटो र कम झन्झटिलो हुने भएकाले बचत गर्न तथा ऋण लिन सर्वसाधारणको आकर्षण बढेको देखिन्छ ।

*(यस प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा दर्ता भएका बचत तथा ऋण सहकारी संस्थामध्ये ऋण लगानीका आधारमा नमूना छनौट गरिएका १० वटा ठुला बचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा सहकारी क्षेत्रको अवस्था विश्लेषण गरिएको छ ।)*

**चार्ट ५.४ सहकारीको पुँजी, बचत र ऋण लगानीको वृद्धिदर (प्रतिशतमा)**




*स्रोत: अध्ययन क्षेत्रका सहकारी संस्थाहरु*

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

***चुनौतीहरु***

- हाल सञ्चालनमा रहेका पेट्रोलियम पदार्थबाट चल्ने सार्वजनिक सवारी साधनहरुलाई विद्युतीय सवारी साधनमा रुपान्तरण गरी पेट्रोलियम पदार्थको आयातबाट हुने व्यापार घाटा कम गर्नुका साथै वातावरणीय दुस्प्रभावको न्यूनीकरणमा योगदान पुऱ्याउनु ।

- कोभिड-१९ महामारीको समयमा बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा कम व्याजदरमा उच्च मात्रामा कर्जा प्रवाह गरेको र हाल व्याजदर वृद्धि भएसँगै व्यवसायमा पनि शिथिलता आएका कारण कर्जा असुली प्रक्रियामा आएको समस्या तथा निष्कृय कर्जामा आएको वृद्धिलाई समयमै उचित सम्वोधन गरी वित्तीय स्थायित्व कायम राख्न ।

- ग्रामीण स्तरमा वित्तीय सचेतनाका कार्यक्रमहरु क्रमशः स्थानीय निकायका पदाधिकारी, सरकारी कर्मचारी, युवा वर्गका साथै सर्वसाधारणलाई नियमित रुपमा सञ्चालन गरी वित्तीय पहुँचको अभिवृद्धि गरी बैंकिङकसुरजन्य वित्तीय अपराधका घटनाहरुको न्यूनीकरण गर्नु ।

***सम्भावनाहरु***

- कोभिडको प्रभाव न्यूनिकरण भएसँगै पर्यटक स्तरीय होटलहरु थपिँदै गएको र पर्यटन क्षेत्रमा लगानी बढ्दै गएको तथा कोशी प्रदेशमा हवाइ उडान संख्या पनि बढ्दै गएकाले पर्यटन क्षेत्र फस्टाउन सक्ने देखिन्छ ।

- कोशी प्रदेशका प्राय सबै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति भएको, ग्रामीण तथा दुर्गम क्षेत्रका सर्वसाधारणको समेत बैंकिङ सेवामा पहुँच सहज हुँदैगएको अवस्थामा उद्यमशिलताको विकास र विस्तार भई उत्पादन तथा निजी स्तरमा रोजगारीमा वृद्धि हुने सम्भावना रहेको देखिन्छ ।

- प्रदेशभित्र रहेका पहिचान गर्न बाँकी र पर्याप्त पूर्वाधार समेत नपुगेका पर्यटकीय गन्तव्यहरु पहिचान गरी साहसिक र मनोरञ्जनजन्य पर्यटनको विकास र विस्तार गर्न सकेमा आयआर्जन र रोजगारीको एक प्रमुख स्रोतको रुपमा पर्यटन क्षेत्र विकास हुन सक्ने देखिन्छ ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

आर्थिक सर्वेक्षण २०७९/८० को तथ्याङ्क अनुसार समीक्षा अवधिसम्ममा यस प्रदेशमा कच्ची सडक (९९२३ कि.मि.), ग्रावेल सडक (२६७१ कि.मि.), कालोपत्रे सडक (९०४ कि.मि.) गरी कुल सडक सञ्जाल १३,४९८ कि.मि पुगेको छ। यस प्रदेशमा रहेका १५ वटा आन्तरिक विमानस्थलहरुमध्ये हाल १२ वटा विमानस्थल सञ्चालनमा रहेका छन् । सोलुखुम्बु जिल्लाको स्याङबोचे विमानस्थल र काङ्गेल विमानस्थल तथा ओखलढुङ्गाको खिजी चण्डेश्वरी विमानस्थल सञ्चालनमा रहेका छैनन् ।

**कोशी प्रदेशमा अवस्थित अर्थतन्त्रमा प्रभाव पार्ने ठुला आयोजना**

**१. अरुण तेस्रो जलविद्युत आयोजना**

अरुण तेस्रो जलविद्युत आयोजना अन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजना र अरुण तेस्रो जलविद्युत आयोजना (प्रसारणलाइन निर्माण) गरी दुई वटा आयोजना रहेका छन् । दुईवटा आयोजनाको कुल अनुमानित लागत रु. १ खर्ब ४५ अर्ब रहेको छ ।

**अरुण तेस्रो जलविद्युत आयोजनाको** निर्माण कार्य वि.सं. २०७५ वैशाखबाट प्रारम्भ भई वि.सं.२०८१ माघसम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ। कुल विद्युत उत्पादन क्षमता ९०० मे.वा. रहेको यस आयोजनाको २०७९ पुस मसान्तसम्मको भौतिक र वित्तीय प्रगति क्रमशः ५९ प्रतिशत र ५५.७ प्रतिशत रहेको छ। यस आयोजनामा स्वदेशी १,६६७ र विदेशी २,२१० गरी गरी कुल ३,८८७ कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी. प्रसारण लाइन निर्माणको** कार्य वि.सं.२०७६ माघबाट प्रारम्भ भई वि.सं. २०८१ माघमा सम्पन्न गर्ने लक्ष्य रहेको छ । संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको वि.सं.२०७९ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः १२.४ प्रतिशत र ४०.३ प्रतिशत रहेको छ। उक्त आयोजनाबाट स्वदेशी ८९१ र विदेशी ६६ गरी कुल ९५७ जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**२. सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइन:** वि.सं.२०७३ असोज ९ गतेबाट निर्माण प्रारम्भ भएको यस आयोजनाको अनुमानित लागत २ करोड ६० लाख अमेरिकी डलर रहेको छ । यस आयोजनाको प्रसारण लाइन निर्माण कार्य वि.सं. २०७८ फागुन २ गते सम्पन्न भईसकेतापनि तारमुनीको दायाँवायाँको १८ मिटर जग्गाको मुआव्जा वितरण तथा साइट क्लियरेन्सको कार्य भईरहेकोले २०७९ पुस मसान्तसम्म यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९९.० प्रतिशत र ९९.५ प्रतिशत रहेको छ।

**३. कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण**

कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण अन्तर्गत ईनरुवा–वसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना, तुम्लिङटार-बानेश्वर-वसन्तपुर-इनरुवा २२० के.भी. सवस्टेसन र वसन्तपुर-ताप्लेजुङ ( ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन र सव-स्टेशन गरी तीन वटा आयोजनाहरु रहेका छन् ।

**ईनरुवा–वसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना**को निर्माण कार्य सम्पन्न भई मिति २०७९ साउन १९ बाट सञ्चालनमा आइसकेको छ। **तुम्लिङटार–बानेश्वर–वसन्तपुर–इनरुवा गरी ४ वटा सव स्टेसनको** निर्माण कार्य सन् २०१८ अक्टोवरबाट प्रारम्भ भएको हो । कुल अनुमानित लागत २ करोड ६१ लाख अमेरिकी डलर रहेको यस आयोजनाको वि.सं.२०७९ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति समान ९५.० प्रतिशत रहेको छ।

कोशी कोरिडोर अन्तर्गत ३५ कि.मि. लम्बाइ रहेको **वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी.प्रसारण लाइन र सबस्टेसनको** निर्माण कार्य सन् २०१८ जुनबाट प्रारम्भ भएको हो । कुल अनुमानित लागत २ करोड १४ लाख अमेरिकी डलर रहेको यस आयोजना सन् २०२३ जुन सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं.२०७९ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८०.० प्रतिशत र ८५.० प्रतिशत रहेको छ ।

निर्माण सम्पन्न हुन बाँकी उल्लिखित दुई आयोजनामा स्वदेशी ६९५ र विदेशी ९० गरी कुल ७८५ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ४. कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना

यस आयोजनाको निर्माण कार्य आ.व.२०७३/७४ बाट प्रारम्भ भई आ.व.२०८०/८१ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको अनुमानित कुल लागत रु.१ अर्ब ९२ करोड रहेको छ । आयोजनाको वि.सं.२०७९ पुस मसान्तसम्मको भौतिक प्रगति ४६.४ प्रतिशत तथा वित्तीय प्रगति २४.६ प्रतिशत रहेको छ । २३ कि.मि. लम्बाइ भएको १३२ के.भी प्रसारण लाईनको कुल ८० टावर रहेका छन् । यस आयोजनामा हाल १६ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ५. पुष्पलाल मध्यपहाडी लोकमार्ग

कोशी प्रदेश अन्तर्गत राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको पुष्पलाल मध्यपहाडी लोकमार्गको कुल लम्बाइ ५१६.३० कि.मि. रहेको छ । यो आयोजना दुई खण्डमा विभाजन गरेर निर्माण कार्य भइरहेको छ ।

यस लोकमार्गको **पहिलो खण्ड** पाँचथर, तेह्रथुम, धनकुटा र भोजपुर जिल्लामा पर्दछ । वि.सं.२०६९ वैशाखबाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई ३८६ किलोमिटर तथा कुल अनुमानित लागत रु.८ अर्ब ९० करोड रहेको छ । यस खण्डको वि.सं. २०७९ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७९.४ प्रतिशत तथा ७७.० प्रतिशत रहेको छ भने स्वदेशी ४९० जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

त्यसैगरी, यस लोकमार्गको **दोस्रो खण्ड** खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लामा पर्दछ । आ.व.२०७१/७२ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई १३०.३० किलोमिटर रहेको छ । कुल अनुमानित लागत रु.२ अर्ब १४ करोड रहेको यस खण्डको आ.व.२०८०/८१ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं.२०७९ पुस मसान्तसम्मको सडकतर्फको भौतिक प्रगति ४८.३ प्रतिशत, पुलतर्फको भौतिक प्रगति ८५.२६ प्रतिशत र समग्र वित्तीय प्रगति ७९.२ प्रतिशत रहेको छ । यस खण्डमा स्वदेशी ८३५ जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ६. हुलाकी राजमार्ग

कोशी प्रदेशको झापा, मोरङ र सुनसरी तथा मधेश प्रदेशको सप्तरी जिल्ला अन्तर्गत रहेको हुलाकी राजमार्गको कुल लम्बाइ ३३५ किलोमिटर रहेको छ । साथै, यस खण्ड अन्तर्गत १८ वटा पुलहरु रहेका छन् । रु.१६ अर्ब अनुमानित लागत रहेको यस खण्डको आ.व.२०६६/६७ बाट निर्माण कार्य प्रारम्भ भएकोमा वि.सं. २०७९ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ६५.० प्रतिशत तथा ६४.० प्रतिशत रहेको छ । यस आयोजनामा ५०० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ७. मदन भण्डारी राजमार्ग (भित्रि तराई लोकमार्ग)

कोशी प्रदेशमा मदन भण्डारी राजमार्गको दुई खण्डमा निर्माण कार्य भइरहेको छ ।

यस राजमार्गको **पहिलो खण्ड** सुनसरी, मोरङ, झापा र इलाम जिल्लामा पर्दछ । आ.व.२०७६/७७ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई १३१ कि.मि. र अनुमानित लागत रु.१० अर्ब १३ करोड रहेको छ । आ.व.२०८१/८२ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको आयोजनाको वि.सं.२०७९ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति

क्रमशः ५०.० प्रतिशत र ४८.१२ प्रतिशत रहेको छ । यस खण्डमा जम्मा १,७०० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

त्यस्तै, लोकमार्गको **दोस्रो खण्ड** कोशी प्रदेशको उदयपुर र बागमती प्रदेशको सिन्धुली जिल्लामा पर्दछ । कुल लम्बाइ १३४ कि.मि. रहेको लोकमार्गको यस खण्डको अनुमानित लागत रु.१३ अर्ब १२ करोड रहेको छ । आ.व.२०७३/७४ बाट निर्माण कार्य प्रारम्भ भई २०८० जेठ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.सं.२०७९ पुस मसान्त सम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९७.० प्रतिशत र ९७.५ प्रतिशत रहेको छ । यस आयोजनामा १२६ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**८. कोशी (उत्तर दक्षिण) लोकमार्ग**

दक्षिणमा भारतको सीमाना जोगवनीदेखि वसन्तपुर, खाँदबारी हुँदै नेपालको उत्तरी सीमाना किमाथांका जोडने राष्ट्रिय गौरवको यस लोकमार्गको कुल लम्वाई ३९० कि.मि रहेको छ ।

यस लोकमार्ग अन्तर्गतको **रानी-विराटनगर-इटहरी-धरान सडक आयोजना** निर्माण कार्यको प्रारम्भ आ.व.२०६९/७० बाट भएको हो । कुल लम्बाइ ४९ कि.मि रहने यस ६ लेन सडक आयोजनाको कुल अनुमानित लागत रु.१० अर्ब ९८ करोड रहेको छ । आ.व. २०७९/८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा यस आयोजनाको वि.सं.२०७९ पुस मसान्त सम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८५.० प्रतिशत र ८९.५ प्रतिशत रहेको छ । यस आयोजनामा २५० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

यस लोकमार्गको संखुवासभा जिल्लाको खाँदबारीदेखि उत्तरी सीमा किमाथांकासम्मको **कोशी कोरिडोर सडक आयोजना**को कुल लम्बाइ १६२ कि.मि. रहेको छ । आ.व.२०६५/६६ बाट निर्माण कार्य प्रारम्भ भएको यस आयोजनाको कुल अनुमानित लागत रु. ११ अर्ब ९३ करोड रहेको छ । आ.व.२०८३/८४ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.सं.२०७९ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४८.० प्रतिशत र ३७.० प्रतिशत रहेको छ । यस आयोजनामा १०० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**९. प्रदेश गौरवको आयोजना : विराटचोक-घिनाघाट सडक आयोजना**

कोशी प्रदेशको प्रदेश गौरवको आयोजनाको रुपमा रहेको यस आयोजनाको निर्माण कार्य आ.व.२०७५/७६ बाट प्रारम्भ भएको हो । कुल लम्बाइ २२ कि.मि. रहने यस ४ लेन सडक आयोजनाको कुल अनुमानित लागत रु.२ अर्ब ५ करोड रहेको छ । आ.व.२०७९/८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.सं.२०७९ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८०.० प्रतिशत र ९१.० प्रतिशत रहेको छ । यस आयोजनामा १०० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

## ६.२ रोजगारी

### वैदेशिक रोजगारी

कोशी प्रदेशमा आर्थिक वर्ष २०७९/८० को साउनदेखि पुस मसान्तसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या ५०.७ प्रतिशतले वृद्धि भएको छ । देशमा पर्याप्त रोजगारीका अवसर सृजना हुन नसक्नु, स्वरोजगार र उद्यमशिलतामा आकर्षण वृद्धि हुन नसक्नु, कोभिडको समयमा घर फर्किएका व्यक्तिहरु पुनः रोजगारीको लागि विदेश जाने क्रममा भएको वृद्धि जस्ता कारणले वैदेशिक रोजगारीमा जानेको संख्या वृद्धि भएको देखिन्छ । समीक्षा अवधिमा यस प्रदेशका कुल ८९ हजार ७ सय ७८ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएका छन् । गत वर्षको सोही अवधिमा यस प्रदेशका कुल ५९ हजार ५ सय ७९ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएका थिए ।

तालिका : ६.१ वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको जिल्लागत विवरण

| जिल्ला | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| ताप्लेजुङ | १४३५ | २३५४ | ६४.० |
| संखुवासभा | १८४३ | ३२३२ | ७५.४ |
| सोलुखुम्बु | १२४५ | १९७६ | ५८.७ |
| ओखलढुङ्गा | १८७३ | २९१२ | ५५.५ |
| खोटाङ | ३५८१ | ५३३५ | ४९.० |
| भोजपुर | २५२९ | ४८९६ | ९३.६ |
| धनकुटा | २१८० | ४१६१ | ९०.९ |
| तेह्रथुम | १३८८ | २२७० | ६३.५ |
| पाँचथर | २६१७ | ४६८४ | ७९.० |
| इलाम | २९१९ | ५१०७ | ७५.० |
| झापा | १२६९२ | १८१२२ | ४२.८ |
| मोरङ | ११२०५ | १६०९३ | ४३.६ |
| सुनसरी | १००१७ | १२०४२ | २०.२ |
| उदयपुर | ४०५५ | ६५९४ | ६२.६ |
| **जम्मा** | **५९,५७९** | **८९,७७८** | **५०.७** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०७९*

## ६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

***चुनौतीहरु***

- स्थानीय स्तरका जनजीवनका आवश्यकता, उपलब्ध स्रोतसाधन, सीप र प्रविधि आदिलाई उपयोग गरी सन्तुलित आर्थिक विकासको मान्यता बमोजिम स्थानीय जनताले परियोजना सम्पन्न गर्ने क्रममा अपनत्वको महशुस गर्नेगरी समन्यायिक किसिमले पूर्वाधारहरुको विकास गरी एकअर्को जिल्लाबीच अन्तर सम्बन्ध कायम गर्नु ।
- निर्माण कार्य सम्पन्न भए पश्चात् आयोजनाको निरन्तर अनुगमन, रेखदेख र ममर्त सम्भार गर्ने चुस्त दुरुस्त प्रणालीको विकास गरी आवश्यक वित्तीय स्रोत व्यवस्थापन गर्नु ।
- भौगोलिक जटिलताका कारण एउटै आयोजना निर्माणमा ठुलो बजेट खर्च हुनेहुँदा पर्याप्त बजेटको पूर्व सुनिश्चितता गरी आयोजना सम्पन्न गर्नु ।
- प्रसारण लाइन तथा सडक विस्तारका क्रममा अवैज्ञानिक तवरले खनिएका सडक तथा खोलिएका ट्र्याकले हुने वन विनाश, यसले सिर्जना गरेको वातारणीय जोखिम एवम् जनधनको क्षतिलाई न्यूनीकरण गर्दै दिगो विकासको लक्ष्य हाँसिल गर्नु ।
- देशमा व्याप्त बेरोजगारीको समस्याका कारण वैदेशिक रोजगारीमा जानेको संख्या तीव्ररुपमा वृद्धि भइरहेको अवस्थामा देशभित्र दक्ष जनशक्ति उत्पादन गरी स्वदेशमा उद्यमशिलता तथा रोजगारीको उचित वातावरण तयार गर्नु ।

***सम्भावनाहरु***

- यस प्रदेशमा रहेको देशकै प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल माता पाथिभरादेवीको मन्दिरसम्म धार्मिक पर्यटकहरुलाई सहज यात्राका लागि केवलकारको निर्माण गरी आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न सकिने ।

- यस प्रदेशमा उत्पादन हुने फलफूल तथा कृषिजन्य उपजको भण्डारणको लागि निजी क्षेत्रबाट कोल्ड स्टोर निर्माण लगायत ती वस्तुलाई कच्चा पद्धार्थको रुपमा उपयोग गरी वाइन, जुस, जाम, ब्राण्डी जस्ता वस्तुहरु उत्पादन गर्ने उद्योगहरुको स्थापनाका लागि भएका प्रयासहरुले गर्दा स्थानीय, प्रादेशिक र संघीय सरकारले विकासका अन्य पूर्वाधारहरुको निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाउने संभावना रहेको ।

- जलविद्युत आयोजना निर्माण गर्न स्वदेशी तथा विदेशी लगानीकर्ताहरु आकर्षित हुँदैगएको, अन्तरदेशीय विद्युत प्रसारणलाइन निर्माणको क्रममा रहेको तथा थप जलविद्युत आयोजना निर्माणका लागि सम्झौता भएकाले जलविद्युतको उत्पादन तथा निर्यातबाट मुलुकको अर्थतन्त्रमा टेवा पुग्ने देखिएको ।

- भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक प्राविधिक जनशक्ति स्वदेशमा उत्पादन गरी विदेशी लगानीमा निर्माण गरिएका आयोजनामा समेत नेपाली जनशक्तिलाई रोजगारी प्रदान गर्न सकिने ।

# परिच्छेद ७ : प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति

- आर्थिक वर्ष २०७९/८० का लागि कोशी प्रदेश सरकारले कुल रु.३९ अर्ब ७३ करोड बजेट विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार पहिलो ६ महिनाको अवधिमा रु.१० अर्ब १९ करोड खर्च भएको छ जुन कुल विनियोजनको २५.७ प्रतिशत हो । आ.व.२०७८/७९ को पहिलो ६ महिनामा विनियोजन भएको बजेटको २७.३ प्रतिशत खर्च भएको थियो ।

- आर्थिक वर्ष २०७९/८० मा चालु खर्चतर्फ विनियोजन भएको रु.१४ अर्ब ८७ करोडमध्ये २०७९ पुस मसान्तसम्म रु.५ अर्ब ७६ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ३८.७ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ३२.६ प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजन भएको रु.२१ अर्ब ५० करोडमध्ये समीक्षा अवधिको अन्त्यसम्म रु.४ अर्ब ४३ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको २०.६ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च २१.१ प्रतिशत रहेको थियो ।

- कोशी प्रदेश सरकारले आ.व.२०७९/८० मा आन्तरिक स्रोत र राजस्व बाँडफाँडबाट गरी कुल राजस्व रु.२० अर्ब ३८ करोड परिचालन गर्ने अनुमान गरेकोमा २०७९ पुस मसान्तसम्म रु.४ अर्ब ४७ करोड राजस्व परिचालन गरेको छ जुन कुल राजस्व अनुमानको २२ प्रतिशत हो ।

- आ.व.२०७९/८० मा कोशी प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१९ अर्ब ३५ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०७९ पुस मसान्तसम्म कुल रु.४ अर्ब ६९ करोड अनुदान प्राप्त गरेको छ । प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदानको रकम सवैभन्दा बढि रु.२ अर्ब २५ करोड रहेको छ भने सशर्त अनुदानको रकम सवैभन्दा कम रु.१ अर्ब ९७ करोड रहेको छ ।

**तालिका ७.१: कोशी प्रदेश सरकारको वित्तीय प्रगति विवरण**

| शीर्षक | २०७८/७९ | | २०७९/८० | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ (साउन-पुस) | बजेट | यथार्थ (साउन-पुस) | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) |
| **कुल खर्च (रु.अर्ब)** | **३२.५३** | **८.८७** | **३९.७३** | **१०.१९** | **२७.३०** | **२५.७** |
| **चालु खर्च** | १७.४३ | ५.६८ | १४.८८ | ५.७६ | ३२.६० | ३८.७ |
| **पुँजीगत खर्च** | १५.१० | ३.१९ | २१.५० | ४.४३ | २१.१० | २०.६ |
| **वित्तीय हस्तान्तरण** | ०.०० | ०.०० | ३.३५ | ०.०० | ०.०० | ०.० |
| **कुल राजस्व (रु.अर्ब)** | **१३.९०** | **५.५८** | **२०.३८** | **४.४७** | **४०.१०** | **२१.९** |
| **अनुदान प्राप्ती (रु. अर्ब)** | **१६.३०** | **६.०४** | **१९.३५** | **४.६९** | **३७.००** | **२४.२** |

स्रोत : कोशी प्रदेश सरकारको बजेट वक्तव्य तथा प्रदेश लेखा नियन्त्रकको कार्यालय

## ७.२ कोशी प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

समीक्षा अवधिमा यस अध्ययनको लागि छनोट गरिएका कोशी प्रदेशका स्थानीय तहहरुले विनियोजित कुल बजेटको २६.६ प्रतिशत रकम खर्च गरेका छन् जसमध्ये चालु खर्चतर्फ विनियोजित बजेटको ३६.२ प्रतिशत र पुँजीगत खचतर्फ विनियोजित बजेटको १६.९ प्रतिशत रकम खर्च भएको छ । गत वर्षको सोही अवधिमा विनियोजित कुल बजेटको ३५.१ प्रतिशत रकम खर्च भएको थियो । समीक्षा अवधिमा ती स्थानीय तहहरुले गरेको कुल खर्च अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३०.३ प्रतिशतले घटेको देखन्छ ।

**तालिका ७.२: कोशी प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति (रकम रु.करोडमा)**


| शिर्षक | उप-शिर्षक | २०७८/७९ | | २०७९/८० | | प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | वास्तविक (साउन-पुस) | बजेट | वास्तविक (साउन-पुस) | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | वृद्धिदर (प्रतिशत) |
| **खर्च** | **कुल खर्च** | **११३७.९** | **३९९.७** | **१०४८.७** | **२७८.७** | **३५.१** | **२६.६** | **-३०.३** |
| | चालु | ५१६.५ | २२५.७ | ५१६.४ | १८७.२ | ४३.७ | ३६.२ | -१७.१ |
| | पुँजीगत | ६१२.३ | १६७.६ | ५२१.७ | ८८.० | २७.४ | १६.९ | -४७.५ |
| | वित्तीय | ९.१ | ६.३ | १०.५ | ३.६ | ६९.६ | ३३.७ | -४३.९ |
| | अन्य | | | | | | | |
| **राजस्व** | **कुल प्राप्ती** | **५६८.६** | **२६९.५** | **४९६.१** | **१४४.४** | **४७.४** | **२९.१** | **-४६.४** |
| | आन्तरिक स्रोतबाट प्राप्त | २९७.५ | १४०.७ | २४०.८ | ९९.९ | ४७.३ | ४१.५ | -२९.० |
| | राजस्व बाँडफाँडबाट प्राप्त | २४६.६ | ११२.६ | २४०.५ | ४२.० | ४५.७ | १७.५ | -६२.७ |
| | अन्य | २४.५ | १६.१ | १४.८ | २.५ | ६५.८ | १६.७ | -८४.७ |
| **अनुदान तथा हस्तान्तरण प्राप्ती** | **कुल अनुदान तथा हस्तान्तरण** | **५३४.९** | **३५४.१** | **४७६.३** | **२१९.१** | **६६.२** | **४६.०** | **-३८.१** |
| | समानीकरण | १६०.५ | १५३.३ | १७०.७ | ८१.० | ९५.५ | ४७.५ | -४७.२ |
| | समपूरक | २४.० | १५.२ | ११.२ | १.० | ६३.५ | ८.९ | -९३.५ |
| | विशेष | १०.१ | २.७ | १७.५ | ४.८ | २७.० | २७.६ | ७८.२ |
| | सशर्त | ३४०.४ | १८२.९ | २७६.९ | १३२.३ | ५३.७ | ४७.८ | -२७.७ |
| | अन्य | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| **ऋण** | **कुल ऋण** | **२१.२** | **१.८** | **८.५** | **०.०** | ८.३ | ०.० | **-१००.०** |
| | बाह्य | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | आन्तरिक | २१.२ | १.८ | ८.५ | ०.० | ८.३ | ०.० | -१००.० |

*(कोशी प्रदेशस्थित विराटनगर महानगरपालिका, इटहरी र धरान उप-महानगरपालिका र बजेट विनियोजनको आकारका आधारमा छनोट गरिएका दुई ठूला दमक नगरपालिका र बिर्तामोड नगरपालिका गरी ५ स्थानीय तहहरुको आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को विनियोजित वजेट र वास्तविक उपलब्धीको आधारमा गरिएको विश्लेषण)*

स्रोत: सम्बन्धित स्थानीय तह

- कोशी प्रदेशका छनोट गरिएका स्थानीय तहहरुले समीक्षा अवधिमा अनुमानित राजस्वको २९.१ प्रतिशत रकम परिचालन गरेका छन् । उक्त राजस्व रकम अघिल्लो वर्षको सोही अवधिमा परिचालन गरेको राजस्वको तुलनामा ४६.४ प्रतिशतले घटेको देखिन्छ ।
- समीक्षा अवधिमा स्थानीय तहहरुले अनुदान तथा हस्तान्तरण वापत अनुमान गरेको रकमको ४६ प्रतिशत रकम प्राप्ती गरेका छन् । उक्त प्रगति अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३८.१ प्रतिशतले न्यून रहेको देखिन्छ ।

**चार्ट ७.१ : आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशका स्थानीय तहहरुको कुल प्राप्तीको संरचना**




स्रोत : सम्बन्धित स्थानीय तहहरु

# परिच्छेद ८: आर्थिक परिदृष्य

## ८.१ कृषि उत्पादन

- समयमा पर्याप्त वर्षा नभएको र विगतमा जस्तै रासायनिक मलको उपलब्धता यथेष्ट मात्रामा नभएको कारण वर्षे धानको उत्पादनमा खासै वृद्धि नहुने देखिन्छ । कोशी प्रदेशका विभिन्न जिल्लाहरुमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत मकै उत्पादनसँग सम्बन्धित पकेट तथा ब्लकका कार्यक्रम थप भएको, मकै बाली प्रवर्द्धन कार्यक्रम, हाइब्रिड मकै क्षेत्र विस्तार कार्यक्रम जस्ता कार्यक्रमहरु सञ्चालन भइरहेको तथा कृषिसँग सम्बन्धित कार्यालयहरुले मकै उत्पादनमा बढी प्रभाव पार्ने अमेरिकन फौजी किराको प्रकोप नियन्त्रणका लागि विविध कार्यक्रम सञ्चालन गरेको तथा पछिल्ला वर्षमा गहुँको सट्टा मकै बालीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएकोले गत वर्षको तुलनामा गहुँको उत्पादन घट्न सक्ने तथा मकैको उत्पादन बढ्ने देखिन्छ ।

- कोशी प्रदेश अन्तर्गका जिल्लाहरुमा आलु, तेलहन, दलहन जस्ता बालीहरु स्थानीय उत्पादन भन्दा विदेशबाट आयात गर्दा सस्तो पर्नगई किसानहरुको आकर्षण घट्दै गएकोले उत्पादन समेत घट्ने देखिन्छ ।

- सुन्तलामा देखिएको औंसा किरा लगायतका रोगव्याधी नियन्त्रणको लागि सरकारी निकायले सञ्चालन गरेको प्राविधिक सहायता कार्यक्रम, पहाडी जिल्लाहरुमा सुन्तला खेती विस्तारका लागि सञ्चालन गरिएका जोन तथा ब्लक कार्यक्रम, व्यावसायिक सुन्तला खेती गर्ने किसानहरुको संख्यामा भईरहेको वृद्धि जस्ता कारणले आगामी वर्ष सुन्तला र सुन्तलाजन्य फलफूलको उत्पादनमा वृद्धि हुनसक्ने देखिन्छ ।

- प्रदेशका मुख्यतया सोलुखुम्बु, ताप्लेजुङ र संखुवासभा जिल्लामा स्याउ खेती गर्ने गरिएकोमा ती जिल्लाहरुमा स्याउको बोटमा लाग्ने रोगव्याधिको प्रकोप बढ्दै गई किसानहरु पलायन हुँदैगएको कारण यसको उत्पादन घट्ने देखिन्छ । आँपको फूल कम मात्रामा फूलेको र फूल लागिसकेपछि आएको असिना पानी र हावाहुरीले गर्दा आँपको उत्पादन घट्न सक्ने देखिन्छ ।

- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले विभिन्न जिल्लाहरुमा व्यावसायिक, माछापालन पशुपालन आदि कार्यका लागि ब्लक, जोन कार्यक्रम सञ्चालन गरेको, विभिन्न प्रकारका अनुदान तथा कृषक प्रोत्साहन, सहुलियतपूर्ण कर्जा कार्यक्रम सञ्चालन, पशु नश्ल सुधार कार्यक्रम, स्थानीय निकाय र कृषि ज्ञान केन्द्र मार्फत सञ्चालित रोगव्याधी नियन्त्रणका लागि प्राविधिक तथा भेनटरी सेवाको विस्तार आदिको कारण व्यावसायिक पशुपन्छीपालन, माछापालन जस्ता कृषि कार्यमा सर्वसाधारण/कृषकको आकर्षण बढ्दैगएको, ठुला कृषि फर्महरुको स्थापना हुने क्रम बढेसँगै पशुपन्छीजन्य उत्पादनहरु जस्तैः दुध, अण्डा, माछा, मासुको उत्पादन बढ्ने देखिन्छ ।

- पछिल्ला वर्षहरुमा बंगुरको उत्पादन बढ्दै गएको तर आन्तरिक बजारमा माग बढ्न नसकेको र विदेशबाट समेत माग आउन छोडेको कारण बंगुरपालनबाट किसानहरु पलायन हुने क्रम बढेकोले बंगुरको मासुको उत्पादन भने घट्न सक्ने देखिन्छ ।

- विगत वर्षहरुमा विदेशबाट अलैंचीको माग घटेको कारण उत्पादित अलैंचीले बजार नपाएर किसानहरुको आकर्षण घटेकोमा समीक्षा अवधिमा अलैंची खेती गरिएको क्षेत्रफल वृद्धि भएको साथै अलैंचीको मुख्य बजार मानिने खाडी मुलुक लगायतका अन्य राष्ट्रबाट यसको माग हुन थालेकोले उत्पादन बढ्ने देखिन्छ ।

- कोशी प्रदेशका जिल्लाहरुमा रहेका निजी वनहरुबाट काठ कटान गरी निकासी गर्नमा सरकारी निकायबाट भएको सहजता, पहाडी जिल्लाका ग्रामिण इलाकासम्म बाटोघाटोको विस्तार भई ढुवानीमा भएको सहजता, वन पैदावरमा

आधारित उद्योगहरुबाट वन पैदावारको माग बढ्दै गएको कारण आगामी वर्षमा काठ, दाउरा र वनजन्य उत्पादन वृद्धि हुने देखिन्छ ।

## ८.२ औद्योगिक उत्पादन

- अर्थतन्त्रमा देखापरेको शिथिलता तथा स्थानीय तहले समयमा जग्गाको वर्गीकरण गर्न नसक्दा घरजग्गा कारोवारमा आएको संकुचन, कर्जाको ब्याजदर उच्च नै रहकोले कर्जा लगानीमा उल्लेख्य वृद्धि नहुने र समष्टिगत मागमा कमी आएको कारण अधिकांश उद्योगहरुको उत्पादन चालु आर्थिक वर्षमा घट्ने अनुमान गरिएको छ ।
- संघीय सरकारको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा सडक निर्माण गर्दा ढलान सडक निर्माणलाई प्राथामिकता दिने विषय समेटिएको हुँदा सिमेन्ट तथा अन्य निर्माण सामग्रीको मागमा वृद्धि भई यस प्रदेशमा रहेका सिमेन्ट उद्योगहरुको क्षमता उपयोग वृद्धि भई ती उद्योगको उत्पादनमा वृद्वि हुनसक्ने आँकलन गर्न सकिन्छ ।

## ८.३ सेवा क्षेत्र

- छिमेकी राष्ट्र चीनले आफ्ना नागरिकहरुलाइ नेपाल लगायत विभिन्न देशमा भ्रमण अनुमति दिएको साथै नेपाल-भारत बीचका ठुला नाकाहरुमध्ये दुई प्रमुखः जोगवनी र काकरभिट्टा नाका यस प्रदेशमा रहेकोले आगामी अवधिमा चीनीया र भारतीय पर्यटक आगमान वृद्धिहुने सम्भावना रहेको छ ।

- कोशी प्रदेश सरकारले पर्यटन प्रवर्द्धन र विकासका लागि प्रदेशका १४ वटै जिल्लामा रहेका प्राकृतिक, धार्मिक, पुरातात्विक हिसाबले महत्वपूर्ण पर्यटकीय गन्तव्यहरु पहिचान गरी पर्यटन गुरुयोजना तयार गर्ने प्रक्रियामा रहेको, पदमार्गमा आधारित पर्यटन विकासका लागि प्रदेश गौरवको आयोजनाको रुपमा निर्माणाधिन मुन्धुम पदमार्ग निर्माण कार्य यसै आर्थिक वर्षमा सक्ने प्रदेश सरकारको बजेटले परिलक्षित गरेको, प्रमुख नाका तथा विमानस्थलमा प्रदेशको पहिचान झल्कने कला, संस्कृति र पर्यटकीय गन्तव्यहरुको प्रचार सामग्री तथा डिजिटल सामग्री राख्ने कार्यक्रम समेत प्रदेश सरकारले अगाडि बढाएकाले प्रदेशभित्रका पर्यटकीय गन्तव्यहरुमा पर्यटक आवागमनमा वृद्धि हुनसक्ने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

- कुशाहा-विराटनगर कोरिडोर (१३२ के.भि.) प्रशारण लाइन आयोजना र वसन्तपुर-ताप्लेजुङ्ग (ढुङ्गेसाँघु-२२० के.भि.) प्रशारण लाईन आयोजना चालु आ.ब मा निर्माण सम्पन्न हुने लक्ष्य राखिएकोले ती आयोजनाहरु सम्पन्न भएपश्चात् प्रदेशमा विद्युत प्रसारण क्षमता वृद्धि हुने देखिन्छ ।

- प्रदेश गौरवको आयोजनाको रुपमा रहेको विराटचोक-घिनाघाट सडक आयोजनाको भौतिक प्रगति ८० प्रतिशत भई सकेको अवस्थामा यस आयोजनाको कार्य सम्पन्न भइसकेपछि सडक पूर्वाधारको पहुँचमा उल्लेख्य वृद्धि हुने र ग्रामीण प्रादेशिक अर्थतन्त्र थप चलायमान हुन सक्ने संभावना देखिन्छ ।

- यस प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजना तथा अन्य आयोजनाहरुमध्ये विभिन्न आयोजनाहरुको निर्माण कार्य सम्पन्न भइसकेको र केही आयोजनाहरु चालु आर्थिक वर्षमा सम्पन्न हुने अनुमान गरिएको छ । ठुला नयाँ आयोजनाहरुको निर्माण कार्य समेत प्रारम्भ नभएको अवस्थामा पूर्वाधार आयोजना मार्फत् सिर्जना भएको रोजगारीमा केही दवाब पर्नसक्ने देखिन्छ ।